**यस सम्मानित सभामा उपस्थित**
**उपाध्यक्ष ज्यू,**
**सम्मानित सभाका सदस्य ज्यू,**
**कर्मचारी मित्रहरु,**
**पत्रकार तथा सुरक्षा कर्मी मित्रहरु ।**

**पृष्ठभुमि**

नेपाली समाजलाई राजनितिक आर्थिक लगाएतको क्षेत्रमा रुपान्त्रण गरि अब्बल र समृद्ध देश नेपाल विश्व सामु चिनाउने महान उदेश्य राखी वि.सं २००६।००७ साल वरिपोरी देखी २०२८ सालको झापा विद्रोह, २०३६ सालको जनमत संग्रह, २०४६ सालको पन्चायती शासन विरुद्धको आन्दोलन, २०५२ देखिको माओबादी जनयुद्ध, २०६२/०६३ सालको बृहत जनआन्दोलन यि तमाम समय तथा कालखण्डमा गरि करिव ७० वर्ष लामो संघर्ष र बलिदानीबाट प्राप्त संघियता, गणतन्त्र र समाबेशिताको कार्यान्वयनको प्रकृयामा यति बेला हामी छौ । यो सन्दर्भमा हरेक परिवर्तन मुखी आन्दोलनमा बलिदानको कोटा पुरा गर्न आफुलाई बलिमा चढाएर महान उपलब्धि सँग रगत साट्नु हुने महान सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । सहिदका सपना र आम नेपाली जनताको चाहना तत्कालका लागी सापेक्षित रुपमा २०७२ सालको संविधानमा सूनिश्चित भएको छ । बाँकी सपना र चाहनालाई पुरा गरि सुन्दर समाज निर्माण गर्न वर्तमान संविधान र संविधानले प्रदान गरेको हक र अधिकारलाई उपयोग र कार्यान्वयन गर्नुको विकल्प छैन ।

" कनकासुन्दरी गाउँपालिकाको समुन्नतिको आधार, शिक्षा, स्वाथ्य, कृषि र पूर्वाधार" भन्ने गाउँपालिकाको दिर्घकालीन सोच तथा कनकासुन्दरी गाउँपालिकाको पाँच वर्षिय आवधिक योजनाले मार्गदर्शन गरेका आयोजना तथा कार्यक्रमहरुको सफल रुपमा कार्यान्वयन गर्न हामी दत्तचित्त रुपले लागी परेका छौ । यो पवित्र सोचलाई साकार पार्न यस गाउँपालिकाको गाउँसभाको १३ औं अधिवेशन उदघाटन समारोहमा पाल्नुभई राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न यहाँ उपस्थित हुनु भएका प्रमुख अतिथि, विषेश अतिथि, आदरणीय गाउँसभाका सदस्य ज्यूहरु, कर्मचारी, पत्रकार तथा सुरक्षाकर्मी मित्रहरुलाई गाउँसभा तथा मेरो तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु । यस गरिमामय गाउँसभामा यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक निति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई निकै हर्षित तथा गौरवान्वित महसुस गरेको छु ।

यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण, स्थानीय स्रोतको पहिचान र अधिकतम परिचालन गरी जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास, आत्मनिर्भर र समुन्नत अर्थतन्त्र निर्माण गर्न, अवसर साधन स्रोतको न्यायोचित

वितरण गर्ने, दिगो र समावेशी आर्थिक विकास मार्फत गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, छिटो प्रतिफल दिने आम्दानी र रोजगारी बृद्धि हुने, सार्वजनिक निजीक्षेत्र र समुदायको लागत सहभागीता जुट्ने, समावेशी विकासमा योगदान पुग्ने, उत्पादन र उत्पादकत्व अभिवृद्धि गरि राजश्व परिचालनमा योगदान पुग्ने तथा समाजिक न्याय लैङ्गिक समानता र सशक्तिकरणका माध्ययमबाट सबै प्रकारका विभेद र शोषणको अन्त्य गर्न योगदान पुग्ने आयोजना तथा कार्यक्रमहरु तर्जुमा गरिने छ । विश्व महामारीको रुपमा फैलिएको कोभिड १९ बाट नराम्ररी थला परेको अर्थतन्त्र जुर्मुराउन नपाउँदै फेरी युक्रेन युद्ध, इजारायल प्यालेस्टाइन युद्ध र सोबाट विश्व आपूर्तिमा आएको संकुचनले नेपालको अर्थतन्त्रलाई पनि गम्भीर रुपमा असर पारेको छ। यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्नगई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर परी हाम्रो गाउँपालिकालाई गत वर्षभन्दा कम बजेट प्राप्त भएको छ । यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुर्नरउत्थानशील क्रियाकलाप मार्फत जनविवनमा आमुल परिवर्तन ल्याई दिगो आर्थिक विकास गरी समृद्ध गाउँपालिका निर्माण गर्ने मूल लक्ष्य हाँसिल गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकास हुने कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था श्रृजना भएको छ । सार्वजनिक सेवालाई चुस्त, सरल, छिटो, छरितो, पारदर्शि, सहभागितामुलक, नतिजामुलक र जनमैत्री बनाई प्रभावकारी र गुणस्तरीय सेवा मार्फत जनतालाई सुशासनको अनुभूती दिलाउन गाउँपालिकाको आन्तरीक क्षमताको विकास गर्न आवश्यक छ।

वार्षिक निती तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनुहुने सम्पूर्ण राजनैतिक दल, समाजसेवी, बुद्धिजिवी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्यूहरु, प्रधानाध्यापक ज्यूहरु, टोल विकास संस्थाका पदाधिकारी ज्यूहरु तथा सम्पूर्ण आमाबुवा दाजुभाई दिदीबहिनीहरु लगायत गाउँपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरुलाई हर्दिक आभार सहित गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दै अव म यस गाउँपालिकाको आ.व.२०८१।०८२ को वार्षिक निति तथा कार्यक्रम यस गरिमाय गाउँसभामा प्रस्तुत गर्न चाहन्छु।

## समिक्षा

नेपालको संविधानले सुनिश्चिच गरेका तिन तहका सरकारहरु मध्ये जनताको नजिकमा रहेर जनताको सु:ख दु:खमा साथ दिने सरकार स्थानिय सरकार हो कुनै पनि सरकारका आफ्ना अवयवहरु खडा भइ सरकार सन्चालन गरेको हुन्छ। मुलत: सरकारका तिन क्षेत्रहरु कार्यापलिका, न्यापालिका र व्यवस्थापिका नभई सरकार सन्चालन गर्न सकिदैन। जसका लागी ऐन, कानुन, कार्यविधि जरुरि हुन्छ। नेपालको संविधानले स्थानिय सरकारलाई स्व-शासन र साझा शासनको रुपमा अधिकार बाँडफाँड गरेको छ । सरकार सन्चालनमा रहेका जनप्रतिनिधिहरु तथा पार्टी प्रतिनिधिहरु र सामाजिक क्षेत्रका

अगुवा तथा आम जनाताले समिक्षा गर्नु पर्दछ की स्थानिय सरकार सवल, सक्षम, बलियो हुनका लागी जनप्रतितिधि तथा कर्मचारीको अनुभव, दक्षता, क्षमता र विज्ञता जरुरी रहन्छ । हाम्रो कनकासुन्दरी गाउँपालकाको सन्दर्भमा हामी क्रमश अनुभव, क्षमता विकास, ऐन, नियम, कार्यविधि, निर्देशिका निर्माण र कार्यन्वयनमा गई रहेका छौ र सरकारको रुपमा आत्मनिर्भर सवल सक्षम र बलियो हुने प्रकृयामा छौ । गत आर्थिक वर्ष २०८०।०८१ को निति तथा कार्यक्रम, सभाबाट पारित भएका योजनाहरु, ठेक्का प्रकृया मार्फत सन्चालित योजनाहरु र केही गाउँसभाको १२ औं अधिवेशबाट संसोधन गरिएका योजनाहरु सम्पन्न भई भुक्तानी लिन बाँकी भए पनि निर्धारित समय भित्र सम्पूर्ण योजनाहरु सम्पन्न हुनेछन । नेपालको असारे विकास प्रणाली जस्तो महारोग हामीमा पनि केही अंशको रुपमा रहि आएको छ यद्यपी यस्ता ढिला सुस्ति नगरि जनतालाई छिटो छरितोको रुपमा सेवा दिने प्रयत्नमा हामी लागी परेका छौ । योजना तथा कार्यक्रम सन्चालनका लागी समय, सिजन र कार्यालयबाट सम्पादित हुनु पर्ने सबै सेवाहरु स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी तथा भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेखनिय काम भएका छन ।

आ.व २०८०।०८१ को अनुमानित बजेट रु ४७ करोड १३ लाख ६४ हजार ८ सय ६१ रुपैया मध्ये चालु तर्फ ३२ करोड ९७ लाख ५६ हजार २४ रुपैया र पुँजिगत तर्फ १४ करोड १६ लाख ८ हजार ८ सय ३७ रुपैया विनियोजन गरिएको थियो । मिति २०८१।०३।०८ गते सम्म पुँजिगत खर्च ५ करोड ६८ लाख ९७ हजार १ सय २४ रुपैया अर्थात (४०.१७) प्रतिशत र चालु तर्फ २९ करोड ७७ लाख २६ हजार ६ सय ९१ रुपैया अर्थात (६२.९९) प्रतिशत खर्च भएको कुरा यो सम्मानित सभामा जानकारी गाराउन चाहान्छु ।

**यस सम्मानित सभाका सदस्य ज्यूहरु ,**

अव म आगामी आर्थिक वर्ष २०८१।०८२ मा हाम्रो गाउँपालिकाको जम्मा बजेट ५१ करोड २ लाख २५ हजार ६ सय ४६ रुपैया हुने अनुमान गरेको छु जस मध्ये

- संघिय सरकारको अनुदान
  - वितिय समानिकरण अनुदान — रु. ९ करोड ३५ लाख
  - सशर्त अनुदान — रु. २१ करोड १५ लाख ७८ हजार
  - विशेष अनुदान — रु. ५० लाख
  - राजश्व बाँडफाँड — रु. ८ करोड १२ लाख
- प्रदेश सरकारको अनुदान

- वितिय समानिकरण र सशर्त अनुदान रु. ३ करोड ७३ लाख १३ हजार

➢ गाउँपालिकाको आन्तरिक आम्दानी

- राजश्व संकलन रु. २५ लाख ५३ हजार
- आन्तरिक स्रोत रु. ५ करोड ६५ लाख

➢ गैर सरकारी संघ संस्थाबाट सन्चालन हुने कार्यक्रम

- आइ.एन.एफ. जुम्ला रु. ८० लाख ११ हजार ६ सय ४६ रुपैया
- क्याड नेपाल, जुम्ला रु. १ करोड १४ लाख २० हजार
- पेस नेपाल, जुम्ला रु. ३१ लाख ५० हजार

## विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

### विद्यमान अवसरहरू:

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा कनकासुन्दरी गाउँपालिकाको आफ्नो विकास र समृद्धिका लागी आवश्यक पर्ने ऐन, कानून, कार्यविधि, निर्देशिका, निति तथा योजना तर्जुमाको अभ्यास हुनु।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक, धार्मिक तथा सांस्कृतिक विविधता रहनु।
५. सबै वडाहरुमा आफ्नै भवनहरु निर्माण भई वडा कार्यालयहरुमा सडक पूर्वाधारको पहुँच हुनु।
६. घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु।
७. शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पूर्वाधार विकास हुनु।
८. कनकासुन्दरी गाउँपालिकामा विभिन्न भु-भागमा उत्पादन हुने अर्गानिक तरकारी, अन्नबाली तथा फलफुलहरु पर्याप्त मात्रमा उत्पादन हनु।
९. कनकासुन्दरी गाउँपालिका भित्र रहेका करिव ९० प्रतिशत घर धुरिमा स्वच्छ खानेपानीको पहुँच पुगेको।

१०. हिमा नदि वरपरका फाँटहरुमा सिँचाई सुविधा पुर्याइ  विश्व प्रसिद्ध कालिमार्सि धानको उत्पादन बढाउन सकिने।

११. निजि तथा गैर सरकारी संस्थाहरु यस गाउँपालिकामा लगानी गर्न उत्साहित हुनु।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख, सीपमूलक शिक्षाको विकास गर्नु।

२. उत्पादन भएका अर्गानिक तरकारी, अन्नबाली तथा फलफुलहरुलाई समयमै बजार सम्म पुर्याउन सक्नु।

३. गुणस्तरीय बीउबिजन मलखाद समयमा नै उपलब्ध गराउनु  र झारनासक तथा किटनासक विषादीको प्रयोगलाई रोक्न नसक्नु।

४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु।

५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु।

६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।

७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु।

८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु।

९. भिरालो ठाउँ, बाढी पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१०. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

११. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु।

१२. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगाबालुवा ,गिट्टी ,) को मापदण्ड अबलम्बन गरि अत्यधिक दोहन रोक्नु।

१३. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत  तयार गर्नु,  मुल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु।

१४. भौगोलिक विकटता र जलवायू परिवर्तका कारणले विकासमा अवरोध श्रृजना हुन।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

निति तथा कार्यक्रमको परिकल्पना वा लक्ष निर्धारण गर्दा गाउँपालिका र जनताको तत्कालिन आधारभुत आवश्यकता र केहि दिर्घकालिन महत्वपूर्ण कुरालाई सम्बोधन हुने गरि निति तथा कार्यक्रम बन्न सक्नु पर्छ । हाम्रो असिमित आवश्यकता तर सिमित स्रोतले धैरै समस्या समेटनु पर्ने बाध्यताका कारण बजेट वितरणमुखी भई योजना दिगो नभई कमजोर बन्ने, परिणाममुखि र दिगो विकास गर्न खोज्दा गाउँपालिका बासिका तत्कालिन समस्याहरु समाधान नहुने यि अप्ठ्यारा विचबाट सकभर कार्यान्वयन हुन सक्ने र गाउँपालिकाको विकासमा टेवा दिई विकसित तथा समुन्नत गाउँपालिका बनाउन मदत गर्ने निति तथा कर्यक्रमहरु निर्धारण गरेको छु ।

आगामि आर्थिक वर्ष २०८१।०८२ को निति तथा कार्यक्रम निर्माण गर्दा गाउँपालिकाको निम्न विषयलाई आधारको रुपमा लिइएको व्यहोरा प्रस्तुत गर्त चाहन्छु ।

- नेपालको संविधान  तथा राज्यका निर्देशक सिद्धान्त तथा नितिहरु
- स्थानिय सरकार सन्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यावस्थापन ऐन, २०७४
- स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यवाधि, २०६९
- नेपाल सरकारको  निति तथा कार्यक्रम र चालु बजेट
- प्रदेश सरकारको निति तथा कार्यक्रम र चालु बजेट
- स्थानिय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७४
- नेपाल सरकारको चालु स्रोहौ योजना
- दिगो विकासका लक्ष्य २०१६-२०३०
- गाउँपालिकाको चालु ऐन, नियम, कार्यविधि, निर्देशिकाहरु र अन्तरक्रिया कार्यक्रमहरु
- गाउँपालिकाको चालु आवधिक योजना २०८१-२०८६
- स्थानिय सरकाले विभिन्न मितिमा गरेका निर्णय र प्रतिवद्धताहरु

## चालु आ.व. को हाल सम्मको उपलब्धिको संक्षिप्त विवरण

## भौतिक पूर्वाधार विकास

यस गाउँपालिकामा हाल सम्म सबै वडा तथा बस्तिहरुमा ग्राभेल तथा कच्चि सडकको पहुँच विस्तार भएकोछ । गाउँपालिका भित्रका अधिकांस बस्ति भित्रका गोरेटो बाटोहरु पि.सि.सि र आर.सि.सि भएका छन ।   गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत पर्याप्त गाडी चल्ने सडक

पूर्वाधार विस्तार भएकोछ । गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाउने प्रयास गरिएकोछ । हिमा नदिमा पर्ने कनकासुन्दरी गाउँपालिका वडा नं ४ भैसेरीमा पक्की पुल र वडा नं ८ कोटघरमा बेलिब्रिज पुल निर्माण प्रकृया अन्तिम चरणमा पुगेको छ । रानिसैन, बागमारे र लेकपोरको आधारभुत स्वास्थ्य इकाई केन्द्रहरुमा पक्की भवन निर्माण सम्पन्न भएको छ । सबै वडामा वडा कार्यालयका भवनहरु निर्माण सम्पन्न भएका छन । विद्यालयहरुमा पक्की भवनहरु निर्माण भएका छन । स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नका लागी विभिन्न प्रकारका उपकरणहरुको व्यवस्था भएको छ ।

## सिंचाइः

गाउँपालिकाका विभिन्न वडामा रहेको कुल खेतियोग्य ८७५० हेक्टर जमिन रहेको छ । जस मध्ये हाल ५०५०.३ हेक्टरमा खेति गरिदै आएको छ । यस मध्ये १८५६.१८ हेक्टर जमिनमा १२ महिना सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएकोछ । वि.सं. २०७९ साल असोज १९ गते देखि २४ गते सम्मको अविरल वर्षाका कारण क्षत बिच्छेद अवस्थामा रहेका सम्पूर्ण सिँचाई कुलाहरु स्थायी तथा अस्थायी रुपमा निर्माण गरि देश भरिनै प्रसिद्ध रहेको जुम्लीमार्सी धान उत्पादन बढाउने प्रयास गरिएकोछ । जलवायु परिवर्तनको प्रभावका कारण समयमा पानी पर्ने कुरामा चुनौती थपिएकोछ । बन्दिराज सिँचाइ कुलोको लागी बजेट व्यवस्थापन भएको छ । जिर्ण अवस्थामा रहेका सम्पुर्ण सिँचाई कुलाहरु मर्मत सम्भार भएको छ । मार्सि धान उत्पादन हुने महत्वपूर्ण जिउलाहरु मध्यको एक बालुथाप्ला सिचाई कुलो खण्डगत रुपमा निर्माण सम्पन्न भएको छ ।

## सामाजिक विकास

गाउँपालिकामा रहेको १५ शैयाको अस्पताल निर्माणधिन अवस्था रहेको । कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता तथा बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ । सामाजिक सुरक्षा भत्ता वितरणमा सहजता ल्याउन प्रत्येक वडामा पालिका र बैङ्क स्वयम उपस्थिति भई वितरण भएको छ । सो कार्यलाई अझ पारदर्शी बनाउन लाभग्राहीको खातामा विधुतिय भुक्तानी मार्फत छिटो छरितो बनाइएको छ । ४ वटा विद्यालयमा १५ कोठे पक्कि भवन तथा सौचालय निर्माण भएका छन । हाल २ वटा विद्यालयमा ४/४ कोठे पक्की भवन निर्माण सम्पन्न हुने अवस्थामा छन । २ वटा आधारभुत विद्यालयमा ४/४ कोठे भुकम्प प्रतिरोधी भवनहरु निर्माण सम्पन्न भई विद्यालयलाई हस्तान्तरण भइ सकेकाछन । गाउँपालिका भित्रका सबै सामुदायीक विद्यालयहरुमा इन्टरनेट जडानका लागी सम्झौता भएको छ । माध्यामिक विद्यालयरुमा विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापनाका लागी अनुदान निकासा गरिएको छ । शैक्षिक गुणस्तर बृद्धिका लागी शिक्षकहरुलाई विभिन्न विषयमा तालिम सन्चालन गरिएकोछ । MBBS अध्ययनका

लागी छात्रबृती प्रदान गरि एक जना छात्राले नेपालगञ्ज मेडिकल कलेजमा अध्ययन गरिरहेका छन् । सो कार्यलाई निरन्तरता दिइएको छ । थप २ जनालाई चिकित्साशास्त्र अध्ययन गर्न प्रोत्साहन स्वरुप रु १/१ लाख पुरस्कार वितरण गरिएको छ । मातृ तथा शिशु मृत्यू दरलाई न्युन पार्न गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा गर्भवती आमा तथा नवजात शिशुहरुलाई अल्ट्रासाउण्ड विधिबाट परिक्षण गरिएकोछ । स्वास्थ्य संस्थामा कार्यरत स्वस्थ्यकर्मीहरुलाई क्षमता अभिबृद्धिका लागी विभिन्न प्रकारका तालिमहरु सन्चालन गरिएकोछ । सम्मुर्ण खोप भण्डारणको लागी ILR Refrigerator को व्यवस्था गरि गुणस्तरिय खोप प्रदान गर्ने व्यस्था गरिएको छ । विपदमा परि ज्यान गुमाएका परिवारका सदस्यलाई प्रतिव्यक्ती रु १ लाखका दरले राहत उपलब्ध गराइएको छ । बैदेशिक रोजगारमा जाने व्यक्तिहरुको लागी श्रम स्वीकृती तथा पुन श्रम स्वीकृत गाउँपालिकाबाटै गरिने व्यवस्था गरिएकोछ ।

## आर्थिक विकास

कनकासुन्दरी गाउँपालिकामा कृषकहरुले उत्पादन गरेका तरकारी र फलफुलहरु भण्डारण गरि राख्नको लागी एउटा शितभण्डार निर्माण भई प्रयोग हुने अवस्थामा छ । कृषि क्षेत्रको विकासबाट रोजगारी श्रृजना गरि आत्मनिर्भरता बढाउन ३३ वटा कृषि सहकारी संथा, १०२ कृषि समुह र ३५ वडा कृषि फर्म स्थापना गरि कार्यन्वयनमा ल्याइएको छ । विभिन्न वडाहरुमा सन्चालन भएका कृषि पकेट क्षेत्रहरुलाई अनुदान उपलब्ध गराइएको छ । पालिका भित्रका विभिन्न क्षेत्रहरुमा उत्पादनको प्रकृति हेरि ३ वटा स्याउ पकेट क्षेत्र, ६ वटा सिमि, आलु र फापर पकेट क्षेत्र, २ वटा मौरी पकेट क्षेत्र र ९ वटा ओखर पकेट क्षेत्र घोषणा गरि अनुदान मार्फत उत्पादन भइरहेकोछ । वर्तमान समयमा तेलको मुल्य आकासिएको अवस्थामा कनकासुन्दरी गाउँपालिकालाई तेलमा आत्म निर्भर बनाउन स्थानिय स्तरमा उत्पादन हुने ओखरको तेल निकाल्ने ३ वटा र सूर्यमुखि तेल निकाल्ने १ वटा मेसिन खरिद भई सन्चालनमा ल्याउने प्रयास भईरहेको छ । पशुपालनका क्षेत्रहरुमा किसानहरुलाई उत्प्रेरित गरि मासु, दुध र दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउन ४ वटा भेडाबाख्रा पकेट क्षेत्र २८ वटा निजि भेडाबाख्रा फर्म र ३९ वटा भेडाबाख्रा पालन समुह मार्फत भेडाबाख्रा वितरण तथा अनुदान प्रदान गरि पशुपालन व्यवसायलाई प्रवर्द्धन गरिएकोछ । पशुपालन क्षेत्रमा नश्ल सुधार गरि उन्नत जातको पशुहरु उत्पादन गर्न कृतिम गर्भाधान कार्यक्रम सन्चालनमा ल्याईएकोछ । पशुपन्छीमा लाग्ने विभिन्न रोगका कारण कृषकहरुलाई पुग्ने क्षेतिलाई न्यूनिकरण गर्न विभिन्न प्रकारका खोपहरु र औषधि घुम्ति सेवा मार्फत र पशु ईकाइ केन्द्रबाट नि:शुल्क रुपमा वितरण गर्ने व्यवस्था गरिएकोछ । पशुपालक कृषकहरुलाई तत्काल सेवा प्रदान गर्न प्रत्येक वडामा पशु प्राविधिकहरुको व्यवस्था गरिएको छ ।

## वनवातावरण , जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

बनजलाधार, जैविक विधिधता, बन्यजन्तु, बनस्पति व्यवस्थापनलाई समेटने गरि यसबाट प्राप्त हुने काठ, हरित उद्यम र पर्यापर्यटनको विस्तार, जडिबुटी र दाउरा संकलन तथा खेती मार्फत आम्दानी गर्ने प्रयास गरीएको छ। गाउँपालिकामा रहेका सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन ब्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएकोछ। विपदबाट हुने क्षति न्यूनिकरण गर्नका लागी प्रकोप व्यवस्थापन कोष निर्माण गरिएको छ। सो कोषमा प्रत्येक वर्ष रकम थप गरिएको छ। विपदबाट हुने क्षतिलाई न्युनिकरण गर्न LDCRP र DPRP निर्माण गरि आपतकालिन केन्द्र सन्चालन गरिएको छ।

## सुशासन तथा संस्थागत विकास

गाउँपालिकाले ७ वटा ऐन, ९ वटा नियमाली, ३८ वटा कार्यविधि, र १ वटा मापदण्ड र ५ वटा योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ। त्यसै गरी व्यवस्थित शहरीकरण तथा वस्ति विकासको लागि आवश्यक ५ वर्षे आवधिक योजना तर्जुमा गरेको छ। गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन, संरचना, जनशक्ती र कार्यविरण तयार गरि कर्यान्वयनमा ल्याइएको छ। पालिकाले गत आर्थक वर्षमा (LISA) मा ८७.५, FRA मा ८६, LED मा ५३ अंक प्राप्त गरि देशकै अग्र स्थानमा रहने पालिकाको दर्जामा पुगेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा जिल्लाकै अग्रणी गाउँपालिकाको रुपमा परिचित भएको छ। राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृद्धि भएकोछ। सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउनका लागी सेवाग्राहीलाई नि:शुल्क रुपमा गुनासो, सूझाव र सल्लाह दिन पालिकाले फोन गर्दा पैसा नलाग्ने टोल फ्री नम्वरको व्यस्था गरिएको छ। एम्बुलेन्स सेवा सुविधा प्रयोग गर्नको लागी फोन गर्दा पैसा नलाग्ने टोल फ्री नम्वरको व्यवस्था गरिएको छ। सूचना तथा सन्चारमा जनताहरुको पहुच पुर्याउन एफ.एम रेडियोको स्थापना गरिएको छ। सन्चार सुविधालाई थप प्रभावकारी बनाउन विराटमा स्थापना भएको टावर र सेरकोटे डाँडामा रहेको नेपाल टेलिकमको टावलाई स्तर उन्नती गर्न पहल भएको छ।

## १. आर्थिक विकास सम्बन्धि नितिहरु

- कनकासुन्दरी गाउँपालिकाको केन्द्रमा संचालन रहेको कुमारी बैंकको सेवालाई प्रभावकारी र सहज बनाउन आवश्यक पहल गरिनेछ।
- आगामी वर्ष भित्र कम्तीमा १ वडा एक नर्सरी र गाउँपालिकामा निर्माण भइरहेको शित भण्डारलाई व्यवस्थित गर्दै लगिने छ।
- आगामी वर्षभित्र ३ वटा पर्यटकीय गन्तव्य स्थलहरु पाण्डबगुफा, विराट दरवार र कनकासुन्दरी मन्दिरलाई आन्तरिक धार्मिक तथा वाह्य पर्यटक स्थलको रुपमा विकास गरिनेछ।

- बर्षमा कम्तिमा २ पटक बजार अनुगमन गरिने कार्यलाइ तिव्रताका साथ अगाडी बढाइने छ।
- गाउँपालिका भित्र रहेका सम्पूर्ण कारदाताहरुका लागी करदाता शिक्षा सन्चालन गरिनेछ ।
- गाउँपालिकालाई बार्षिक रुपमा सबै भन्दा बढी कर बुझाउने करदाता (व्यक्ति वा फर्म) लाई गाउँसभाबाट सम्मानित गर्ने परिपाटीको विकास गरिनेछ ।
- गाउँपालिका स्तरमा उत्पादित कृषि उपजहरुको प्रदर्शनी मेला आयोजना गरी उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गरिनेछ ।
- कृषि क्षेत्रमा लगानी वृद्धि गरी रोजगारीका अवसरहरु सुनिश्चित गरिनेछ ।
- होटल, भोजनालय र चमेनागृह आदिको पूर्वाधार सेवा र खाद्य गुणस्तर सुनिश्चित गर्न वर्षमा कम्तिमा ३ पटक प्रत्येक पसलको निरीक्षण र अनुगमन गरिनेछ साथै स्थानीय उत्पादनबाट बन्ने परिकारहरुलाई पर्बर्द्धन गर्न तालिमको व्यवस्था गरिनेछ ।
- आगामी आ.ब. भित्र वित्तीय संस्थामार्फत कृषि बिमा संचालनमा ल्याउनको लागि आवश्यक पहल गरिनेछ ।
- आगामी बर्ष भित्र पहिचान भएको कृषि पकेट क्षेत्रमा कृषि, बागबानी, स्याउ खेती, मौरीपालन, ओखर खेती आदि कार्य गर्न कृषकहरुलाई नविनतम ज्ञान, सिप र तालिम प्रदान गरिनेछ ।
- पशुपंक्षी व्यवस्थापन सम्बन्धी मापदण्डहरु परिपालना गर्ने गराउने व्यवस्था मिलाईनेछ ।
- स्थानीय स्तरमा उत्पादन हुने ओखर, आरु, ढटेलो, सुर्यमुखी जस्ता तेलहन नगदेबालीको उत्पादन गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।
- भेडा बाख्राको उन प्रसोधन गरी राडि पाखी उत्पादन, ढाका बुनाई तथा ठेटुवाको कपडा, अल्लो उत्पादन, प्रसोधन र बिक्रि वितरण गर्न प्रोत्साहित गरिनेछ ।

## २. सामाजिक विकास सम्बन्धि नितिहरु

- आगामी आ.ब. भित्र हरेक घरधुरीको पारिवारिक विवरण (Household Folder) अद्यावधिक र सुरक्षित गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्र रहेका व्यसहारा बालबालिकाहरुलाई साहरा दिन तथा पठन पाठन क्रियाकलाप सन्चालन गर्न पालिका स्तरिय बालगृह सन्चालन गरिनेछ ।
- महिला घरमुली भएका अति विपन्न महिलाहरुलाई आवासको व्यवस्था गर्ने प्रवन्ध मिलाईनेछ ।
- सबैको लागि निशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चतता गर्नको लागि स्वास्थ्य चौकीहरुमा आवश्यक वजेटको व्यवस्था मिलाईनेछ ।

- प्रत्येक बर्ष बाल स्वास्थ्य, महिला स्वास्थ्य एवं सुलभ स्वास्थ्य सेवाको प्रत्याभूतिका लागि यस आ.व. मा २ वटा घुम्ति स्वास्थ्य शिविर संचालनको लागि रकमको व्यवस्था गरिनेछ।
- गत आ.व.देखि संचालनमा रहेको गर्भवती तथा सुत्केरी आमाका लागि स्थापना भएको आपतकालिन कोषलाई निरन्तरता दिई आगामी आ.व.मा थप बजेटको व्यवस्था मिलाईनेछ तथा प्रभावकारी अनुगमन गरिनेछ।
- आगामी वर्ष भित्र नेपाल सरकारको अवधारणा अनुसार नागरिकले स्वास्थ्य वीमाको सुबिधा प्राप्त गर्नको लागि आवश्यक पहल गरिनेछ।
- आगामी आ.ब. भित्र विद्यालयमा बालमैत्री पढाइलाई निरन्तर र गुणस्तरीय रुपमा संचालन हुने व्यवस्था मिलाईनेछ।
- यस गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने व्यवस्थाका लागि नेपाल सरकार र प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ।
- चिकित्सा क्षेत्रको छात्रवृतीलाई थप प्रभाबकारी बनाई निरन्तरता दिइनेछ।
- आगामी बर्ष भित्र सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरी प्रभावकारी रुपमा शैक्षिक गतिविधिहरु संचालन गरिनेछ।
- आगामी वर्ष भित्र लासीपाटमा रंगशाला निर्माण कार्यको लागि प्रदेश सरकार र नेपाल सरकारसगं आवश्यक पहल गरिनेछ।
- आगामी आर्थिक वर्षमा सभ्य तथा सुसंस्कृत समाज निर्माण गर्न छुवाछुत, महिला हिंसा, घरेलु हिंसा, बाल बिबाह, बहुविवाह, छुइ प्रथा जस्ता कुसंस्कृति न्युनिकरण गर्न पहल गरिनेछ।
- लक्षित वर्गलाई सीप र उद्यमशिलता प्रबर्धनको लागि तालिमको व्यवस्था गरिनेछ।
- यसै आ.ब. भित्र कम्तिमा एक वटा सामुदायिक सूचना केन्द्र संचालनमा ल्याइनेछ।
- गाउँपालिका स्तरिय खेलकुद प्रतियोगिता संचालन गरिनेछ।
- पुराना स्थानिय निकाय र तहमा दर्ता भएका ब्यक्तिगत घटनाहरुलाई डिजिटाईजेसन गरि ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा शाखा ब्यवस्थापन सुचना प्रणाली VERSP-MIS मा भण्डार गरिनेछ।
- कनकासुन्दरी गाउँपालिका भित्रका सबै नागरिकको घटना दर्ताको अधिकारलाई सुनिश्चिता गरिनेछ।
- नेपाल सरकारको निति अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई सहज र सुलभ बनाउन सबै वडा कार्यालय र गाउँपालिकाबाट सेवा प्रबाह गरिने छ।

- कनकासुन्दरी गाउँपालिका बाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई भत्ता प्राप्तिका लागी सहज बनाउन सबै वडाको पायक पर्ने स्थानमा कुमारी बैक कनकासुन्दरी शाखाको उपस्थितिमा रकम वितरण कार्य लाई निरन्तरता दिईनेछ ।
- कनकासुन्दरी गाउँपालिका भित्र गठन भएका टोल विकास संस्था, बाल क्लव, युवा क्वल, किशोरकिशोरी क्लवका पदाधिकारीहरुलाई क्षमता विकास गरि पालिकाको विकासमा सघाउन पर्याउन प्रयत्न गरिनेछ ।

## ३. पूर्वाधार विकास सम्बन्धि नितिहरु

- पालिका स्तरीय कुनै पनि सार्वजनिक तथा निजी भवन निर्माण कार्य गर्दा भवन निर्माण मापदण्ड अवलम्बनका साथै नक्सा पास गरी भवन निर्माण गर्नु पर्ने व्यवस्था गरिनेछ ।
- पालिकामा नक्सापास फाँटको व्यवस्था मिलाइनेछ साथै यस अघि निर्माण भएका भवनहरुलाई समेत नक्सापासको दायरामा ल्याइनेछ।
- पालिका स्तरीय बृहत आयोजनाहरुमा आवश्यक पर्ने इन्जिनियरिङ्ग मापदण्ड अनुरुप निर्माण कार्य गर्नु परेमा परामर्श सेवाद्धारा डि. पि. आर. (DPR) मार्फत गर्नु पर्ने व्यावस्था गरिनेछ ।
- आवधिक योजनामा प्राथमिकिकरणमा परेका सडक संजाललाई पहिलो प्राथमिकता दिइने व्यवस्था मिलाइनेछ तथा सडक गुरुयोजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- नाग्म गमगढी राजमार्ग देखी कनकासुन्दरी मन्दिर र जुम्ला रारा राजमार्ग देखी मर्फान डोरिल्ला सम्म झुलुङ्गे पुल निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

## ४. वातावरण तथा विपद् व्यावस्थापन तथा जलवायू परिवर्तन सम्बन्धि नितिहरु

- वातावरणिय स्वच्छता सम्बन्धि चेतना बढाई वातावरणमा पर्न सक्ने जोखिमलाइ न्यूनिकरण गर्दै वन ,वन्यजन्तु,पशुपंक्षी,वनस्पति तथा जैविक विविधताको संरक्षण गर्ने निति अवलम्वन गरिनेछ ।
- नदी नियन्त्रण, पहिरो नियन्त्रण ,जलाधार संरक्षण, वन फडानी नियन्त्रण, आगलागी नियन्त्रण, बन्यजन्तु चोरी निकासी र वन पैदावर नियन्त्रणका कार्यक्रम लागु गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन ,जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका बिषयलाई महत्वका साथ सम्बोधन गरिनेछ ।

- गाँउपालिकाका सम्पुर्ण वडाका वडा स्तरिय विपद् ब्यवस्थापन समितिलाई क्षमता विकास कार्यक्रम संचालन गरि परिचालन गरिनेछ ।
- गाँउपालिका क्षेत्रका सामुदायिक वनका पदाधिकारीहरु तथा टोलविकास संस्थाका पदाधिकारिहरुलाई वन जङ्गल संरक्षणका लागी क्षमता अभिबृद्धी तालिम तथा जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- जलवायु परिवर्तनले विश्वलाई नै चुनौती दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई सन्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- गाँउपालिका क्षेत्रभित्र विधमान र आउन सक्ने प्रकोप तथा विपदहरुलाई समेत ध्यानमा राखी जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरि अगाडी बढने नीति अख्तियार गरिनेछ ।
- प्रत्येक आर्थिक बर्षमा सञ्चालनमा रहेका योजनाहरुमा बायोइन्जिनियरिङ् कार्य अनिवार्य गरिनेछ ।
- यस पालिकाका सम्पुर्ण वडा भित्र अनियन्त्रित रुपमा उत्खनन भइरहेका गिट्टि वालुवा तथा बन पैदावारहरुलाई स्थानिय सरकारको नियमानुसार राजश्वको दायरामा ल्याउन वातावरणीय प्रभाव कम गर्न IEE भइसकेकोले आय ठेक्का लगाइनेछ ।
- फोहोरमैला व्यवस्थापनका लागी पलाष्टिकजन्य पदार्थको प्रयोगलाई निरुत्साहित गरिनेछ ।
- विपद् ब्यवस्थापन शाखा अन्तर्गत संचालनमा रहेको आपतकालिन कार्य संचालन केन्द्रलाई थप ब्यवस्थित गरिनेछ।
- सार्वजनिक स्थलका फोहोर संकलन भाँडो र घरमै फोहोर बर्गिकरण गर्ने ब्यवस्था मिलाई फोहोरमैला संकलन बर्गिकरण र प्रशोधनको ब्यवस्थापन सुरुवात गर्न इको क्लव गठन तथा परिचालन गरिनेछ।
- खोज उद्धार पुर्व सुचना प्रणाली तथा प्राथमिक उपचार सम्बन्धि कार्यदलको क्षमता अभिबृद्धि (तालिम ,सामाग्री ब्यवस्थापन) गरि परिचालन गरिनेछ।
- स्थानिय जलवायू उत्थानशिल योजना तथा विपद् पुर्व तयारि तथा प्रतिकार्य योजना आगामी आर्थिक वर्षमा अध्यावधिक गरिनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन सम्बन्धि नितिहरु

- गाउँपालिकाबाट जनतालाई उपलब्ध गराउने सेबा सुबिधाको बिस्तृत विवरण उल्लेख गरी डिजिटल नागरिक बडापत्र तयार गरि प्रभावकारी रुपमा कर्यान्वयन गरिनेछ ।
- प्रत्येक वडा कार्यालयहरुले डिजिटल वडा नागरिक बडापत्र तयार गरी सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।
- प्रत्येक वडा कार्यालयहरुले आफ्नो वडाभित्रका सम्पूर्ण तथ्याङ्कहरु समेटी वडा प्रोफाईल बनाउने व्यवस्था मिलाईने छ।
- गाउँपालिकामा संचालन भएका बिकास निर्माणका कार्यक्रमहरुको नियमित अनुगमन, प्रगति समिक्षा, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण र सार्वजनिक लेखापरीक्षण र सार्वजनिक सुचनालाई विद्धुतीय प्रणाली मार्फत सुशासनलाई बढवा दिईनेछ।
- गाउँपालिकाबाट संचालित बिकास निर्माणका आयोजना तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन र सुपरिवेक्षण प्रणालिलाई प्रभाबकारी बनाउनका साथै संघ तथा प्रदेश सरकारबाट प्राप्त आयोजनाहरुको पनि अनुगमन तथा सुपरिवेक्षण गर्न पहल गरिनेछ।
- गाउँपालिका भित्र कार्यरत सम्पूर्ण कर्मचारीलाई कार्य दक्षताको आधारमा उत्कृष्ट छनौट गरी पुरस्कृत गरिने व्यवस्था मिलाईनेछ।
- कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई क्रमशः कम्प्युटरकृत र सूचना प्रविधिमैत्री तथा विधुतिय टोकन प्रणाली मार्फत सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।
- सभा तथा कार्यपालिकाका निर्णयहरु गोप्य राख्ने भन्ने बाहेका अन्य निर्णयहरु ३ दिन भित्र वेवसाईट मार्फत सार्वजनिक गरिनेछ।
- यसै आ.ब.मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य मन्त्रालयबाट उपलब्ध गराएको नमूना कानुन बमोजिम आवश्यक कानून स्वीकृत गरी लागू गरीनेछ।
- प्रत्येक आ.व.को पहिलो चौमासिक भित्र अचल सम्पत्ति तथा स्थानीय तहमा हस्तान्तरण भई आएका (विद्यालय भवन, स्वास्थ्य केन्द्र/उपकेन्द्र भवन, कृषि, पशु सेवा केन्द्रका भवन, अन्य सरकारी र सामुदायिक भवन, जग्गा जमीन, पुर्वाधार, सम्पन्न योजना, आयोजना वा कार्यक्रम) आदिको विवरण अद्यावधिक गरी सार्वजनिक गरिनेछ।
- प्रत्येक आ.व.को पहिलो चौमासिकभित्र स्थानीय तहको साझेदारीमा काम गर्ने गैर सरकारी संघ संस्थाको विवरण अद्यावधिक गरी सार्वजनिक गरिनेछ।
- यसै आ.ब. भित्र सूचना प्रविधिको प्रयोग गरी स्थानीय तथ्यांक अध्यावधिक र गाउँ बस्तुगत विवरण अध्यावधिक गर्ने व्यवस्था मिलाइनेछ।

- गाउँपालिकाले सम्पादन गर्ने सबै कार्यको वार्षिक प्रगित प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।
- प्रत्येक वर्ष संघीय सरकारले देश भरिका स्थानीय तहहरुको (LISA, FRA, LED र प्राकृतिक स्रोत तथा वित्त आयोग) बाट हुने स्वमुल्याङ्कनका सूचकहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन गरी उत्कृष्ट गाउँपालिका बनाउन आगामी आ.व.को पहिलो चौमासिक देखिनै अनिवार्य काम गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाको कार्यसम्पादनमा आवश्यक पर्ने ऐन, नियमवली, कार्यविधी र निर्देशिका तयार गरिनेछ ।

## ६. बजेट योजना तथा वित्तिय व्यवस्थापन सम्बन्धि नितिहरु

- प्रत्येक आ.व.मा राजश्व सम्भाव्यता अध्ययन र प्रक्षेपण भई आन्तरिक आयमा १० प्रतिशत अभिबृद्धि भएको हुनेछ ।
- आगामी आर्थिक बर्षमा आवधिक योजना अध्यावधिक गरि कार्यन्वयन गरिनेछ।
- आवधिक र रणनीतिक विकास योजनाको आधारमा मात्र बार्षिक विकास योजनाहरु तर्जुमा गरि कार्यन्वयनमा ल्याइनेछ ।
- आगामी बर्ष भित्र सहभागितामूलक एवं समावेशी योजना तर्जुमा र कार्यान्वयन (विपन्न वर्ग, क्षेत्र, लिङ्ग, समुदायका व्यक्तिको सहभागिता सुनिश्चित भएको) प्रक्रिया अवलम्वन गरी योजना तर्जुमा गरिनेछ ।

## ७. स्वास्थ्य सम्बन्धि नितिहरु

- भौगोलिक विकटता र आवश्यकताको आवश्यकताका आधारमा आधारभुत स्वास्थ्य सेवा विस्तार गरिनेछ ।
- जनसङ्ख्या र भौगोलिक विकटताका आधारमा वर्थिङ्ग सेन्टरको विस्तार गर्न पहल गरिनेछ ।
- हाटसिंजामा निर्माणाधिन अवस्थामा रहेको १५ शैया अस्पताल निर्माणमा तिब्रता दिई दरबन्दी व्यवस्थापनका लागी संघिय सरकार संग पहल गरिनेछ।
- ANC, PNC, संस्थागत सुत्केरी, खोप कभरेज वढाउन क्यालेन्डर कार्यक्रमका लागि बजेट बिनियोजन गरिनेछ ।
- स्वयंम सेविकाले रिपोर्ट बुझाउन आउँदा आफै उपस्थित भए वापत प्रोत्साहन स्वरुप यातायात खर्च तथा मासिक बैठक भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- घर घरमा पुगेर जेष्ठ नागरिकहरुलाई नि:शुल्क स्वास्थ्य सेवा उपचार गर्ने निति यसै आर्थिक वर्षबाट शुरु गरिनेछ ।
- नेपाल सरकारको नागरिक स्वास्थ्य बिमा कार्यक्रमलाई व्यवस्थित बनाउदै **"म स्वस्थ मेरो गाउँपालिका स्वस्थ"** जस्ता कार्यक्रमहरुलाई अगाडी बढाइनेछ ।
- आयुर्बेद चिकित्सा तथा योग शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन प्रोत्साहन गरिनेछ ।
- स्वास्थ्य चौकीमा रहेका बर्थिङ सेन्टरलाई व्यवस्थापन गरि गुणस्तरीय सेवा प्रदान गर्नका लागि स्टाफ नर्स र अ.न.मी लाई SBA तालिमको व्यवस्था गरिनेछ ।
- आधारभूत स्वास्थ्य केन्द्र, गाउँ घर क्लीनिकहरुलाई आउदो आर्थिक वर्षमा प्रभावकारी तथा थप सुदृढिकरण गर्दै लगिने व्यवस्था गरिनेछ ।

- विभिन्न सेवा प्रभावका लागि स्वास्थ्य संस्थामा विद्युत आपुर्ती नभएका स्वास्थ्य संस्थामा यो आ व मा व्यवस्थापन गरिनेछ ।

- इन्टरनेट सेवा नभएका स्वास्थ्य संस्थामा आ व २०८१/०८२ मा विस्तार गरिनेछ ।

- १ देखी ८ वडा सम्मका जेष्ठ नागरिकलाई विमा कार्यक्रम निशुल्क गरिनेछ ।

- विद्यालय तथा गाउँटोलहरुमा **"योग गरौँ स्वच्छ रहौँ तनाव कम गरौ"** भन्ने नारालाई साकार पार्न विभिन्न कार्क्रम साथ कार्यक्रम नि:शुल्क रुपमा संचालन गरिनेछ ।

- हाटसिंजा स्वास्थ्य चौकीमा स्थापना भएको पोषण सेवाका लागी OTC केन्द्रलाई व्यवस्थित बनाई बाँकी स्वास्थ्य चौकीमा यसको सेवा विस्तार गरिनेछ ।

- भौगोलिक विकटका कारण उपचारबाट बन्चित भएका रिया तथा मर्फानका समुदायहरुलाई उपचार गर्न सामुदायिक स्वास्थ्य इकाई स्थापना गरि संचालन गरिनेछ ।

- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत १ देखी ८ वडा सम्मका सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

- स्वास्थ्य स्वास्थ्यमा कार्यरत नसिङ्ग कर्मचारीहरुलाई इनप्लान्ट, IUCD, ग्रामिण अल्ट्रासाउण्ड तालिमको व्यवस्था गरिनेछ ।

- १ देखी ८ वडा सम्मका महिला तथा पुरुषहरुलाई आ.व २०८१/०८२ मा निशुल्क आँखा शिविर संचालन गरिनेछ।

- जेष्ठ नागरिकलाई मधुमेह रोग तथा उच्च रक्तचाप सम्बन्धी घर दैलोमा गइ परीक्षण निशुल्क गरिनेछ।

- सुनौला हजार दिनका आमाहरुलाई पौष्टिक आहारको व्यवस्था निशुल्क गरिनेछ।

- सुत्केरी तथा गर्भवती महिलालाई गरिदै आएको नि:शुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

- आ व २०८१/०८२ मा जिर्ण रहेका स्वास्थ्य संस्थालाई मर्मत सम्भार गरिनेछ।

- गाउँपालिका भित्रका गर्भवति महिलाहरुलाई अल्ट्रासाउण्ड, सन्तानको रहर पुगेका पुरुषहरुको लागी बन्धाकरण, किशोर किशोरिहरुलाई आइरन चक्की वितरण, विद्यालयमा अध्ययनरत पाँच वर्षभन्दा माथिका बालबालिकाहरुलाई ६/६ महिनामा जुकाको औषधि खुवाउने, महिलाहरुको पाठेघर सम्बन्धि रोगको स्क्यान सेवा निशुल्क रुपमा प्रदान गरिनेछ।

- पालिका भित्र कार्यरत स्वास्थ्यकर्मीहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागी आवश्यकतामा आधारित तालिम संचालन गरिनेछ। ।

## आयुर्वेद तर्फ

- नेपालको मौलिक चिकित्साको रुपमा रहेको आयुर्वेद तथा बैकल्पिक चिकित्सालाई अझ व्यवस्थित र विस्तार गरिनेछ।

- अत्यावश्यक औषधि, उपकरण तथा सुरक्षा सामाग्रीहरुको उपलब्धतामा कमि आउन नदिन औषधि उपकरण स्टिमबाथ तथा सुरक्षा समाग्रीहरु खरिद तथा आपुर्तिको लागी आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।

- **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** लाई अघि बढाउन स्वस्थ आहार व्यवहारका माध्यमबाट स्वस्थ जिवनशैली अपनाउन प्रेरित गरिनेछ।

- यस गाउँपालिकामा पाइने औषधि गुणयुक्त जडिबुटीहरुको पहिचान उपयोगिता खेती र प्रयोग गर्ने विधिको बारेमा जानकारी आदान प्रदान गरिनेछ।

- स्थानिय स्तरमा रहेका धामी, झाक्री, बैध तथा जडीबुटी सम्बन्धी जनाकारहरुलाई सचेतना कार्यक्रम सन्चालन गरि जनचेतना प्रदान गरिनेछ।

## ८. राजश्व सम्बन्धि नितिहरु

- चालु आ.व को श्रावण १ गते देखि लागु हुने गरी राजस्व परामर्श समितिको सिफारिसमा करको दायरा बढाइनेछ साथै सबै व्यावसायीलाई व्यवसाय कर लगाइनेछ।
- प्रशासनीक संयन्त्रलाई छिटो छरितो मितव्ययी बनाई प्रशासनिक खर्च घटाई विकास बजेट बढाउने नीति लिईनेछ।
- गाउँपालिकाको कुल आन्तरिक राजस्वको केहि प्रतिशत पुँजीगत कार्यमा पनि खर्च गरिनेछ।
- गाँउपालिकाको आर्थिक ऐन २०८१ अनुसारको कर शुल्क, सेवा शुल्क दस्तुर र भाडा सम्बन्धीत क्षेत्रमा लागु गरिनेछ।
- करदाताको सुविधालाई मध्यनजर गर्दै कर सम्बन्धी जनचेतना जगाउन सरोकारवालहरुसँग सरसल्लाह लिन समय समयमा प्रभावकारी कार्यक्रम गरिनेछ।
- करदातालाई कर तिर्ने बानीको विकासका लागी करदाता शिक्षा कार्यक्रम गरिनेछ।
- राजस्व स्रोत, दर, दायरा र कर संकलको अवस्था कर संकलन सम्बन्धमा गरेको प्रयास समेतको विश्लेषण गरी सबै भन्दा बढी राजस्व संकलन गर्ने वडा कार्यालयलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ।
- कर्णाली प्रदेश सरकार उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय बाट पारित **"नदि तथा खानीजन्य स्रोत उत्खनन् सङ्कलन तथा विक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि २०७९"** लाई क्रमश कार्यान्वयन गरिनेछ।
- आन्तरिक स्रोत प्रभावकारी कार्यान्वयनको लागि श्रावण १ देखि भाद्र मसान्त सम्म यस गांउपालिका अन्तरगत स्थायी रुपमा बसोबास गर्ने बासिन्दाहरुलाई वडा कार्यालयमा आ-आफ्नो लालपूर्जा सहित सम्पति दर्ता गर्न आवह्वान गरिनेछ।
- गाउँपालिकालाई आवश्यक पर्ने सामाग्रीहरु खरिद गर्दा स्थानीय व्यापारीलाई सुचिकृत गरी खरिद गर्न प्रथामिकता दिइनेछ।

## ९. दक्ष जनशक्ति उत्पादन सम्बन्धि नितिहरु

- लक्षित वर्ग विकास तथा सामाजिक समावेशी विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको बजेट नै यसको प्रमुख स्रोत हुनेछ।

- यस गाउँपालिकामा रहेको कनकासुन्दरी माद्यामिक विद्यालय लुङ्कुमा संचालित ३ वर्षे पशु विज्ञान विषयलाई थप प्रभावकारी बनाउन पहल गरिनेछ।
- आगामी आर्थिक वर्षमा क्षमता विकास योजना तयार पारी जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सन्चालन गरिनेछ।
- विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सँगको समन्वय र सहकार्यको माध्ययमबाट छोटो तथा लामो अवधिका सिपमुलक तालिम सन्चालन गरि दक्ष जनशक्ति उत्पादन गरिनेछ।
- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा संचालन हुने एम.बि.बि.एस. कार्यक्रममा स्थानीय नागरिकलाई सहज रुपमा अध्ययनकोलागि कोटा माग गर्न पहल गरिनेछ।

## १०. शिक्षा सम्बन्धि नितिहरु

- " प्रबिधिमैत्रि शिक्षा कनकासुन्दरी गाउँपालिका , भविष्य निर्माणको आधार हाम्रा बालबालिका " भन्ने आदर्श वाक्यलाई साकार पार्न विभिन्न शैक्षिक कार्यक्रमहरु सन्चालन गरिनेछ।
- विधार्थीको शैक्षिकस्तर वृद्धि गर्नको लागि शिक्षण सिकाई क्रियाकलाप संचालन हुने मुल थलो कक्षा कोठा सुधार तथा व्यवस्थापनका लागि वजेट विनियोजन गरिनेछ।
- प्रारम्भिक वालविकास शिक्षा संचालन गर्न गाउँपालिका स्तरबाट विशेष जोड दिनुका साथै वाल शिक्षा सहजकर्ताको क्षमता विकास तालिम संचालन गरिनेछ।
- गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयमा स्थापना भएका कम्प्यूटर ल्याब तथा डिजिटल बोर्डका माध्ययमबाट पठन पाठन गरी विद्यार्थीहरु प्रत्यक्ष लाभामबित हुने गरी प्रविधि शिक्षा मा जोड दिइने छ।
- शिक्षकको शिक्षण सिकाईमा विताउने समय अवधी सुधार योजना निर्माण गरि यसको प्रभावकारी कार्यन्वयनमा जोड दिने व्यवस्था मिलाईने छ।
- व्यवसायिक, रोजगारन्मुख, दक्ष तथा सक्षम र प्रतिष्प्रर्धी जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालय स्थापना गर्न विशेष जोड दिईनेछ।
- विद्यालयमा छात्रा मैत्री शौचालय नभएका कारण न्युन छात्रा उपस्थिती दर बढाउन पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण गर्न अनुदान दिने व्यवस्था मिलाईने छ।
- सामुदायिक विद्यालयमा विद्यालय उमेर समुहका सत प्रतिशत विद्यार्थीहरु उपस्थित गर्न शैक्षिक सत्रको सुरुमा जनप्रतिनिधि शिक्षक वि.ब्य.स गाउँपालिकाका साझेदार संस्थाहरुको उपस्थितिमा घरदैलो गरी भर्ना अभियान संचालन गरिनेछ।
- स्थानिय स्तरमा उत्पादित शैक्षिक सामग्रीहरुलाई बढवा दिन एक विद्यार्थी एक शैक्षिक सामग्री निर्माण गरी गाउँपालिकामा विद्यालय स्तरिय शैक्षिक सामग्री प्रर्दशनि मेला गरिने छ।

- मुल्याङ्कन समितिबाट विद्यालयहरुको स्थलगत अनुगमन गरी शैक्षिक, भौतिक र जनशक्तिको आधार पुरा गरेको उत्कृष्ट विद्यालयलाई पालिकाको नमुना बिद्यालय घोषित गरिनेछ।
- कनकासुन्दरी गाउँपालिकामा प्रारम्भिक बालबिकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासको लागि अभिभावक शिक्षा लागु गरिनेछ।
- सामुदायिक विद्यालयमा अध्यापन गराउने सम्पुर्ण शिक्षकहरुलाइ उत्साहित गर्न बार्षिक १५० दिनको खाजा कार्यक्रमलाई बढाई १८० दिनको शिक्षक खाजा दिने व्यवस्था मिलाईनेछ।
- पालिकाभित्रका सम्पुर्ण विद्यार्थिहरुको बार्षिक २ पटक अनिवार्य स्वास्थ्य परिक्षण गर्ने ब्यबस्था मिलाइनेछ।
- सार्वजनिक पद धारण गरेका व्यक्तिहरुका छोरा छोरीहरुलाई अनिवार्य रुपमा सरकारी विद्यालयमा पढाउने अभियान संचालन गरिनेछ।
- यस कनकासुन्दरी गाउँपालिकाको वडा नं १ एकदमै विकट रहेको र सो वडामा संचालनमा रहेको एक मात्र महादेव माध्यामिक विद्यालयमा विद्यार्थीहरु अध्यायन गर्नलाई दैनिक ३/४ घण्टा हिड्नु पर्ने अवस्थालाई मध्यनजर गरी सो विद्यालयलाई आवासिय विद्यालयको रुपमा संचालन गरिनेछ।
- कनकासुन्दरी गाउँपालिका अन्तर्गतका सम्पुर्ण विद्याललयका प्रधानाध्यापकहरुको भत्ता संघिय सरकारले व्यवस्था गरेको भत्तामा गाउँपालिकाले शतप्रतिशत थप गर्ने व्यवस्था गरिनेछ।
- विद्यालयको तथ्याङ्क भण्डारण र पुन: प्रयोगमा ल्याउन र कार्यसम्पादनलाइ छीटो छरितो त भरपर्दो गर्न सबै विद्यालयमा अनिवार्य ल्यापटपको प्रबन्ध मिलाइनेछ।
- सामुदायिक विद्यालयमा कक्षा १ - ८ सम्म स्थानीय तहको पाठ्यपुस्तक छपाइ तथा वितरण गरिनेछ
- आधारभुत तथा माध्यमिक विद्यालयहरुमा किशोरी क्लव गठन गरी बालिका शशक्तीकरण कार्यक्रम संचालन गरिनेछ।
- माध्यमिक विद्यालय स्तरमा सिँजा सभ्यताको पवर्द्धन मार्फत भाविस्यमा पर्टन जनशक्ती उत्पादन गर्न बाल क्लव गठन गरि प्रशिक्षण दिने व्यवस्था गरिनेछ।
- गाउँपालिका भित्रका आधारभुत तथा माध्यमिक विद्यालयहरु गरि ५ विद्यालयमा हरित विद्यालय बनाइनेछ।
- परीक्षा प्रणालीलाइ भरपर्दो , पारदर्शी र विश्वशनियता गर्न मासिक विद्यार्थीको परीक्षा लिने र प्रअ बैठकमा नतिजा विश्लेषण गर्ने ब्यवस्था गरिनेछ।

- गाउँपालिका भित्रका विद्यालको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न आन्तरिक मुल्याङ्क प्रतिवेदन तयार गरी प्रकाशन गर्ने व्यबस्था मिलाइनेछ।
- गाउँपालिका भित्र सन्चालन भएका सबै सामुदायीक विद्यालयका प्रधानाध्यापकहरुको कार्यसम्पादन सम्झौता प्रमुख प्रशासकीय अधिकृतसँग र अन्य शिक्षकहरुको सम्झौता प्रधानाध्यापकसँग गरि प्रभावकारी कार्यन्वय गर्ने व्यवस्था मिलाइनेछ।
- गाउँपालिका भित्र रहेका प्रारम्भिक बालविकास क्षेत्रमा लगानी अभिबृद्धि गर्दै बालबालिकाको सर्वाङगीण विकासका लागी एकिकृत प्रारम्भिक बालविकास कार्यक्रम सन्चालन गरिनेछ।
- गाउँपालिका भित्र हाल सन्चालन भैरहेको अभिभावक शिक्षा कक्षा निरन्तरता दिदै पालिका भित्र रहेका समुदायका अभिभावकहरुलाई थप कक्षा सन्चालन गरिनेछ।

## ११.कृषि सम्बन्धि नितिहरु

- औद्यौगिक निति अनुरुप स्थापना हुने बिशेष आर्थिक क्षेत्र (Special Economic Zone) हरुसंग समन्वय हुने गरी बजारको माग अनुसारको उपयुक्त परिणाम र गुणस्तरका बिशेष कृषि बस्तु उत्पादन गर्न सरोकारवालाहरुको प्रतिबद्धताको आधारमा निम्न लिखित बिशेष उत्पादन क्षेत्रहरुको किटान गरी कार्यक्रम संचालन गरिनेछ।

क) व्यावसायिक वाली/ बस्तु उत्पादन क्षेत्र (Commercial crop/Commodity Production Area )
ख) प्रागारिक/ बिषादि रहित उत्पादन क्षेत्र (Organic/ Pesticide-free Production Area)
ग) निर्यातमूलक बाली/ बस्तु उत्पादन क्षेत्र (Agri Product Export Area)

- किटान गरिएका कृषि उत्पादन क्षेत्रहरुमा उत्पादन सामाग्री, प्रविधि एंव प्राविधिक सेवा, कृषि सडक, ग्रामीण विद्युतिकरण, सिंचाइ, कृषि व्यावसाय ऋण, विमा, बजार व्यवस्था सुचना प्रणाली, उपयुक्त कृषि यान्त्रिकरण एंव प्रसोधन लगायतका सुविधाहरु सम्बन्धित सरकारी गैरसरकारी सहकारी तथा निजी क्षेत्रको सहकार्यमा एकिकृत रुपमा सुनिश्चित गरिनेछ।
- व्यापारिक तथा भौगोलिक क्षेत्रको आधारमा गुणस्तरीय कृषिजन्य उत्पादन सामाग्री र उत्पादनको संकलन, प्रसोधन, संचय, ढुवानी र बजार मुल्य जस्ता व्यवसायिक सेवा प्रदान गर्न सरकारी तथा गैर सरकारी क्षेत्रको सहभागीतामा व्यवसायिक सेवा केन्द्रको स्थापना तथा विकास गरिनेछ।

- सिंचाई कृषि सडक संकलन केन्द्र शित भण्डार ( कोल्ड र फ्रोजेन स्टोरेज र कुलिङ्ग च्याम्वर )ग्रामीण विद्युतिकरण उपयुक्त, कृषि प्रविधिको विकास, परिक्षण सेवा जस्ता व्यवसाय प्रबर्द्धनका पूर्वाधारहरु सरकारी, निजि, सहकारी, गैरसरकारी तथा नागरिक समाज समेतको सहकार्यमा विस्तार गरिनेछ।
- कृषि व्यवसाय प्रबर्द्धन गर्नका लागी कृषि व्यवसायका सम्भाव्यता र आवश्यकताको आधारमा कृषक एवं व्यापारीहरु तथा कृषि उद्यमी एवं सम्बन्धित सरोकारवालाहरु बिच हुने करार सेवालाई व्यवस्थित तथा बैज्ञानिक बनाइने छ ।
- कृषिजन्य व्यवसायका लागी आवश्यक पर्ने उपकरण थ्रेसर, स्प्रिङकलर, बिडिङ मेशिन, हार्भेष्टर, चिलिङ्ग भ्यान, कुलिङ्ग भ्याट, मिल्क प्रोसेसर, कृषि यन्त्र आदि खरिद गर्दा सम्बन्धित निकायहरुको सिफारिसमा व्यवसाय स्थापना का लागी ५० प्रतिशत छुट दिइनेछ ।
- बिपन्न बर्ग महिला र दलित बर्गबाट कृषि उद्यम स्थापना/ संचालन गर्न विशेष कार्यक्रम लागु गरिनेछ ।
- शिक्षित बेरोजगार तथा सेवा निबृत व्यक्ति वा समुहलाई कृषि तथा पशुजन्य व्यवसाय स्थापना तथा सञ्चालनका लागी व्यवसायिक कार्यक्रम तयार गरी लागु गरिनेछ ।
- बजारको मागको आधारमा कृषि व्यवसाय प्रबर्द्धन गर्न, जनशक्ति विकास गर्न जोड दिनुका साथै सरकारी सहकारी र गैरसरकारी स्तरमा तालिम दिने संस्थालाई समेत क्षमता अभिबृद्धि गर्न सहयोग गरिनेछ ।
- सार्वजनिक क्षेत्रको जग्गा तथा अन्य क्षेत्रमा समेत सम्भाव्यताका आधारमा जडिबुटी खेतिको विकासलाई प्रोत्साहित गरिनेछ।
- राजमार्ग, सहायक मार्ग तथा कृषि/ ग्रामीण सडकहरुको आसपासका क्षेत्रहरुमा विकास गरिने कृषिजन्य व्यवसायिक पकेटहरुको लागी बजार संजाल विकास तथा विस्तार गरिनेछ ।
- कृषि उद्योग व्यवसाय प्रबर्द्धनको लागी उत्पादन थलो नजिक संकलन केन्द्र र शहरी क्षेत्रमा संगठीत थोक तथा खुद्रा बजार सुनिश्चित गर्नका लागी निजी तथा सहकारी क्षेत्र समेतको आर्थिक तथा व्यवस्थापकीय सहकार्यमा कृषि बजारहरुको विकास, विस्तार तथा व्यवस्थित गरिनेछ ।
- निजि एवं सहकारी क्षेत्र तथा स्थानीय निकायहरुको साझेदारीमा कृषि बजार तथा कृषि व्यवसाय संग सम्बन्धित सुचना प्रणालीको विकास, विस्तार र प्रवाह गरिनेछ ।
- कृषि बस्तुहरुको बजारमा प्रतिस्प्रर्धात्मक वातावरणको सिर्जना गरी बजार प्रकृयाबाटै मुल्य निर्धारण हुने प्रणालीलाई प्रोत्साहित गरिनेछ ।यस क्रममा संगठीत कृषि थोक बजार स्थलहरुमा सम्भाव्यताका आधारमा अक्सन(Auction) लगायत उपयुक्त मुल्य निर्धारण विधि लागु गरिनेछ ।

- कृषि बजारबाट स्थानिय निकायले व्यावसायीहरुबाट उठाउने गरेको शुल्क/ स्थानिय कर मध्येबाट कम्तिमा २० प्रतिशत रकम सोही बजारको निर्माण सुधार तथा प्रबर्द्धन कार्यमा खर्च गर्ने व्यवस्था मिलाइनेछ।
- व्यावसायिक उत्पादन पकेटसंग आवद्धित हुने गरी सहकारी संस्था कृषक समुह गैर सरकारी संस्था तथा व्यापारी लगायतका उद्यमीले ग्रामीण क्षेत्रकमा सम्भाव्यताको आधारमा कृषि उपज संकलन केन्द्र प्रशोधन केन्द्र एवं पशुपंक्षी बधशाला स्थापना गर्न चाहेमा प्राविधिक सहायता उपलब्ध गराउनुका साथै भौतिक निर्माणको (जग्गा बाहेक) लागी केही सहयोग उपलब्ध गराइनेछ।
- शित भण्डार (Cold and Storage ,Cold Chain Cold Chamber and Chilling Vat) **कृषि थोक बजार तथा संकलन केन्द्र पशु बधशालाको संचालनमा लाग्ने विद्युत महशुलमा उद्यम व्यावसायको स्थापनाको १० बर्षसम्म २५ प्रतिशत रकम** अनुदान दिइने छ।
- प्राङ्गरिक खेती प्रविधिद्धारा उत्पादित कृषिबस्तुहरुको गुणस्तर प्रमाणीकरण गरी कृषि व्यवसायलाई प्रबर्द्धन गरिनेछ।
- बिउ विजन विरुवा पशुपंक्षी र खाद्य तथा कृषि बस्तुको आयात निर्यातमा प्रमाणीकरणको व्यवस्थालाई सुदृढ र सक्षम बनाइने छ।
- परम्परागत स्थानीय कृषिबस्तु एवं मौलिक प्रविधि (Indegeneous Knowledge /Technology) हरुको पञ्जिकरण गरी  प्रबर्द्धन गर्ने व्यवस्था मिलाइने छ।
- कृषिजन्य उद्योगलाई राष्ट्रियस्तरमा प्राथमिकतामा प्राप्त उद्योगको रुपमा मान्यता दिई सोहि अनुरुपका सुविधा प्रदान गरिनेछ।
- संचालित उद्योगहरुमा स्थानीय कच्चा पदार्थको प्रयोगलाई प्रोत्साहित गरिनेछ।
- कृषि उत्पादन पकेट/ कृषि वृहत उत्पादन क्षेत्र (Growth Center) मा आधारित बस्तुको निर्यात तथा बजार प्रबर्द्धन मुखी व्यवसाय खोल्न सम्भाव्यताको आधारमा उपयुक्त प्रविधि सहयोग प्रदान गरिनेछ।
- कृषि व्यावसायहरुसंग सम्बन्धित निकायहरु वीच समन्वय गर्न र नीतिगत एवं कार्यान्वयन स्तमा आइपरेका बाधा कठीनाईहरुको समाधानमा पहल गर्न कृषि विकास समितीलाई परिचालन गरिनेछ। यस  समितिमा निजी क्षेत्रको सहभागीता बृद्धि गरिनेछ।
- कृषि बजार विकासको निति र योजना अनुकुल हुने गरी सहकारी संस्था गैर सहकारी संस्था, स्थानिय निकाय, सहकारी वा निजि क्षेत्र बाट कृषि बजार पूर्वाधार विकासमा लगानी गर्न प्रस्ताव आएमा यस्तो पूर्वाधार विकास गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।

- नेपालममा विकास भएका र हुने कृषि उपज बजार स्थलहरुबाटै स्रोत परिचालन गरी उनीहरु बिच समन्वय पूर्वाधार तथा क्षमता विकासमा योगदान पुर्‍याउन कृषि व्यावसाय प्रबर्द्धन कोषको गठन गरिनेछ । यस कोषमा प्रत्येक बजारले बार्षिक खुद आयको २ प्रतिशत रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । यस कोषको संचालन गर्न बजार संचालक समितिको संग्लनतामा समिति गठन गरिनेछ ।
- नीजि क्षैत्र, सरकारी वा गैर सरकारी संस्था सरकारी स्वामित्वमा रहेको जग्गामा निजी वा गैरसरकारी तथा सरकारी निकायको सहकार्यमा कृषि बजारको पूर्वाधारको संम्भावना देखिएमा सार्वजनिक निजी साक्षेदारीमा पूर्वाधार विकास गर्ने प्रणालीको विकास गरिनेछ ।
- व्यावसायिक कृषि संग सम्बन्धित वाली उत्पादन, पशुपालन, बजार व्यवस्था तथा कृषि उद्योगहरुको विमा गराउने व्यवस्थाको विकास गरिनेछ ।
- सुनौलो हजार दिनका आमाहरुलाई कृषि सम्बन्धि पोषणयुक्त कार्यक्रम संचालनमा ल्याइनेछ ।
- स्याउ बगैचा सुधारको लागी पालिका स्तरमा तालिम प्राप्त कृषकहरुलाई सुचिकृत गरि उक्त कृषकलाई मागको आधारमा स्याउ बगैचामा परिचालन गर्ने व्यवस्था गरिनेछ ।
- कनकासुन्दरी गाउँपालिका भित्र उत्पादनगर्ने स्याउ किसानहरुले प्रत्येक बर्षको भदौ महिनाको पहिलो साताभन्दा पछाडी स्याउ विक्रि वितरण गर्ने व्यवस्था मिलाइनेछ।
- विपन्न वर्ग महिला र दलित वर्गबाट कृषि उद्यमी बनाउन विषेश कार्यक्रम सन्चालन गरिनेछ ।
- कृषक समुहको मनोबल उच्च राख्न उत्पादन क्षेत्रमा प्रतिस्प्रधा गराउन कृषि मेला हाटबजार सन्चालन गरिनेछ ।
- **"अर्गानिक खेतिमा बृद्धि: कनकासुन्दरी गाउँपालिका सम्मृद्धि"** भन्ने नारालाई साकार तुल्याउन रैथाने प्रजातिका कृषि बालीलाई उचित संरक्षण गरि अर्गानिक कृषि विषेश कार्यक्रम सन्चालन गरिनेछ ।
- कृषि पूर्वाधार सुनिश्चित बजार कार्यक्रम सन्चालन गरिनेछ ।

## १२. रोजगार सम्बन्धि नितिहरु

- गाउँपालिका भित्रका सबै बेरोजगार व्यक्तिहरुको विवरण संकलन गरी व्यवस्थित रुपमा सुचिकृत गरिनेछ।
- रोजगार मेला मार्फत रोजगारीको श्रृजनाको पहल गरिनेछ ।
- रोजगार सम्बाद मन्चको प्रभावकारीता बढाइनेछ ।

- गाउँपालिकाको रोजगार सेवा केन्द्र को **MIS SYSTEM** मा इन्ट्री भएका बेरोजगार व्यक्तिलाई मात्र कामदारको रुपमा खटाइने व्यवस्था गरिनेछ।
- काममा छनोट भई खटिएका बेरोजगार व्यक्तिहरुको ज्याला अनिवार्य बैक खाता मार्फत भुक्तानी गरिनेछ।
- सुचिकृत बेरोजगार व्यक्तिहरुलाई सम्पूर्ण भौतिक पूर्वाधार निर्माण आयोजनामा श्रमिकका रुपमा परिचालन गरिनेछ।
- विदेश बाट रोजगारी गुमाएर घर फर्किएका तथा स्वदेश मै रोजगारी गुमाएका सबै नागरिकलाई रोजगार सुनिश्चित गर्न विशेष पहल गरिनेछ।
- गाउँपालिकाबाट ठेक्का प्रक्रिया मार्फत सन्चालन हुने आयोजनाहरुमा पनि स्थानिय बेरोजगार व्यक्तिहरुलाई कामका लगाउने व्यवस्था गरिनेछ।
- बेरोजगार व्यक्तिहरुलाई रोजगार प्रदान गर्न निजी क्षेत्र, सरकारी र गैरसरकारी क्षेत्रसंग आवश्यक समन्वय सहकार्य गरिनेछ।
- गाउँ-गाउँ मा सिँहदरबार भन्ने नेपाल सरकारको नीति अनुसार बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि श्रम स्वीकृती सम्बन्धी सम्पूर्ण अनलाइन कार्य गरी श्रम कार्ड उपलब्ध गरिने व्यवस्था मिलाईनेछ ।
- रोजगार सेवा केन्द्र को आन्तरिक व्यवस्थापन तथा प्रभावकारीताको व्यवस्था मिलाईनेछ।
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम हरेक वडा मा सन्चालन गरिनेछ ।
- रोजगार रणनिति बनाई कार्यक्रमलाई व्यवस्थित तथा प्रभाकारी बनाइनेछ ।
- बैदेशिक रोजगारीलाई मर्यादित र सूरक्षित बनाउन दक्ष र सिपयुक्त जनशक्ति उत्पादन गरिदै लगिनेछ ।

## १३. खानेपानी तथा सरसफाई सम्बन्धि नितिहरु

- गुणस्तरीय र मापनयोग्य खानेपानी तथा सरसफाई आयोजना निर्माण तथा संचालनका निम्ती मर्मत सम्भार कार्यकर्ता (पलम्बर) लाई बिषय बिज्ञबाट तालिमको व्यावस्था गरी आधारभुत औजार तथा उपकरणहरुको व्यवस्था गरी प्रदान गर्ने ।
- खानेपानी तथा सरसफाई आयोजना दिर्घकालीन र व्यवस्थित गर्नका लागी कम्तिमा १ योजनामा २ जनामा १ जना महिला अनिवार्य हुने गरी खानेपानी सरसफाई मर्मत सम्भार कार्यकर्ता (पलम्बर ) छनौट गर्ने व्यवस्था गरिनेछ ।

- नयाँ निर्माण  खानेपानी तथा सरसफाई आयोजना पश्चात संगै मर्मत संम्भार कोष अनिबार्य खडा गरी संचालन समिति मार्फत कोषमा जम्मा गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- ठुला तथा बृहत पालिका स्तरीय गौरबका खानेपानी आयोजना निर्माण पूर्व र निर्माण पश्चात तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ।
- नयाँ निर्माण सरसफाई तथा खानेपानी आयोजनामा **म, मेरो र हाम्रो खानेपानीको भावना** जागृत राख्न कम्तिमा ३ बर्ष सम्म कुनैपनी मर्मत सम्भारको लागी बजेट विनियोजन नगरी स्वयम समुदायको दायित्व र स्वामित्व रहने गरी आयोजना हस्तान्तरण गर्ने व्यवस्था गरिनेछ।
- पुराना मर्मत सम्भारका खानेपानी तथा सरसफाई आयोजनामा प्राथमिकरणका आधारमा सार्वजनिक धारालाई हटाई एक घर एक धारा कायम हुनेगरी मर्मत सम्भार योजनामा बजेट व्यावस्थापन गरिनेछ।
- स्वच्छ पानी  पिउने बानीको विकास गर्न एक घर एक धाराको प्रबन्ध मिलाइनेछ।

## १४. <u>उर्जा विकास सम्बन्धि नितिहरु</u>

- गाउँपालिका भित्रका सम्पूर्ण खोलानालाहरुमा विद्युत निकाल्नका लागी सम्भाव्यता अध्ययन गरिनेछ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका विद्युत गृहहरुको क्षमता बृद्धी गरी थप गाउँबस्तीहरुमा विद्युत सेवा विस्तार गरिनेछ।
- गाउँपालिका भित्र लामो समय देखी निर्माणाधिन बिद्युत आयोजनाहरुको पुन सम्भाव्यता अध्ययन गरी औचित्यताको आधारमा मात्र बजेट विनियोजन गरिनेछ।
- राष्ट्रिय विद्युत प्रसारण लाइन सम्पूर्ण बस्तिहरुमा विस्तार गर्न पहल गरिनेछ ।
- विद्युत नपुगेका गाउँबस्ती तथा घर हरुमा बैकल्पिक उर्जाको व्यवस्था गरिनेछ।
- प्रत्येक घर तथा गाउँबस्तीहरुमा धुँवा रहित चुलोको व्यवस्था गरिने छ।

## १५. <u>पशुपन्छी विकास सम्बन्धि नितिहरु</u>

- आगामी आर्थिक वर्षमा पशु नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पशु स्वास्थ्य प्राविधिकको पहुच भन्दा टाढारहेका पशुपालक कृषकहरुलाई पशु स्वास्थ्य सेवा उपलब्ध गराउन नि:शुल्क पशु स्वास्थ्य शिविर संचालन गरीने छ।
- भेडा/बाख्रा पालन क्षेत्रमा बाह्य परजीवी नियन्त्रण गर्न डिपीङ्ग ट्याङ्क निर्माण गरिने छ।

- पशु उपचार सेवालाई प्रभावकारी बनाउन ट्रेविज निर्माणको व्यवस्था गरिने छ।
- खर्क सुधार अन्तर्गत चरन क्षेत्रमा पशुहरुलाई झरी-बादल बाट बचाउन टहरा,पिउनका लागि पानी पोखरी निर्माण गरिने छ।
- ५० माऊ भन्दा बढी दर्ता गरी भेडा/बाख्रा पालन गर्ने ब्यावसायीक कृषकलाई ७० प्रतिशत अनुदानमा रेन्कोट, गमबुट, पाल तथा सोलार उपलब्ध गराइने छ।
- पशुपन्छी पालक कृषक समूह,सहकारी,निजि,उद्योगी ब्यावसायी तथा सम्बन्धित बिषयका बिज्ञ र पशुपन्छी विकास शाखा बिच २ पटक अन्तरक्रिया कार्यक्रम संचालनमा ल्याईनेछ।
- पशु स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन नपुग रहेका अति आवश्यक सामाग्रीहरु:माईक्रोशकप, बडिजो, कास्टीङ्ग रोप, फ्रिज आदी सामाग्रीहरु खरिद गरी उपलब्ध गराईने छ।
- पशुपन्छी विकास शाखा अन्तर्गत रहेका पशु प्राविधिकहरुको क्षमता अविबृद्धि गराउन तालिमहरु उपलब्ध गराईने छ।
- ब्यावसायीक गाई/भैसी पालक कृषक समूह गठन तथा परिचालन गरिने छ।
- पशुपन्छी पकेट क्षेत्रलाई विस्तार गरी एक वडा एक पकेट क्षेत्र सन्चालनको लागी व्यवस्था गरिनेछ ।
- माहामारी जन्य रोगहरु: खोरेत, भ्यागुत्ते चरचरे, पि.पि.आर., रेविज, लम्पीस्कीन, रानीखेत जस्ता रोगहरु नियन्त्रण गर्न अनिबार्य खोप लगाईनेछ।
- पशुपन्छी विमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन विमा कम्पनी, पशुपन्छी विकास शाखा र कृषक विच अन्तरक्रिया गरी विमा कार्यक्रमलाई अगाडी बढाउन पहल गरिने छ।
- यस अघि पालिकाले वितरण गरेका भेडा बाख्रा पालक कृषकहरुको अनुगमन गरी उत्पादन बृद्धि गर्ने किसानलाई पुरस्कृत र नास गर्ने कृषकलाई दण्डित गरिनेछ।
- व्यवसायीक पशुपालक कृषकहरुलाई हिउदे घाँस उत्पादनको लागी विउ वितरण गरिनेछ।
- फर्म दर्ता गरी व्यवसायीक रुपमा पशु पंछी पालन गर्ने कृषकको फर्ममा पशुपन्छीहरुलाई दनापानी खान सहजत बनाउन डुड निर्माणमा जोड दिइनेछ।

## १६. <u>सहकारी सम्बन्धि नितिहरु</u>

शिक्षा ,तालिम र सुचनाको माध्यमवाट सहकारीको संस्थागत क्षमता विकास र सहकारी सम्वन्धि जनचेतना अभिवृद्धि गर्न देहायका नीतिहरु अवलम्वन गरिने छ|

- सहकारीको मुल्य र सिद्धान्तहरुलाई अनुसरण गर्न गराउन सबै सहकारी संघ संस्थाहरुलाई अभिप्रेरित गरिने छ |
- सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन सम्वन्धित सरकारी निकाय तथा सहकारी सघ संस्थाहरुलाई प्रभावकारी ढंगले परिचालन गरिने छ |
- सदस्यहरुको चेतना अभिवृद्धि गर्न र व्यवस्थापन क्षमता बढाउन सहकारी अनुशिक्षण र तालिमलाई अनिवार्य गरिदै लगिने छ ।
- आम नागरिकहरुलाई सहकारी सम्वन्धि जनचेतना अभिवृद्धिका लागि सरकार, स्थानीय निकाय, सहकारी क्षेत्र, नागरिक समाज , विकास साझेदारी, शैक्षिक क्षेत्र, संचार जगतका साथै सामाजिक संघ संस्थाहरु परिचालन गरिने छ |
- सहकारी पद्धतिवाट उद्योग व्यवसाय स्थापना र संचालन गर्न कुनै अवरोध नहुने गरि सम्वन्धित विषयहरुको क्षेत्रगत नीति तथा कानुनहरुमा परिमार्जित गरिने छ |
- कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा वजारिकरण र कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संघ संस्थाहरुको संग्लनता प्रोत्साहन गरिने छ|
- सार्वजनिक क्षेत्रका कलकारखाना, कृषि फर्म तथा वजार केन्द्रहरुको व्यवस्थापनमा सहकारी संघ संस्थाको संग्लनता र सहभागितालाई प्राथमिकता दिइने छ |
- लैगिक दृष्टिकोणले पछि परेका सहकारीमा आवद्ध महिलाहरुलाई एकल तथा सामुहिक रुपमा उधोग व्यवसाय संचालन गर्न क्षमता विकासका लागि आवश्यक पर्ने व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गर्न सहयोग उपलव्ध गराइने छ |
- पालिकामा सन्चालन भएका सहकारीहरुलाई नियमन गरि बन्द तथा सन्चालन नभएका सस्थाहरुलाई खारेजि विगठन तथा मर्ज गरिनेछ ।

## १७. सामाजिक सास्कृतिक तथा पर्यटन सम्बन्धि नितिहरु

- खष भाषाको उद्गम स्थल यस कनकसुन्दरी गाउँपालिकाको भाषा सस्कृति संरक्षणमा विशेष पहल गरिनेछ ।
- यस गाउँपालिकामा विभिन्न गाउँबस्तीहरुमा रहेका सामाजिक, सास्कृतिक रितिरिवाज चालचलन जुन खष सभ्यता झल्किने खालका थिए तर हालका पिडीहरुबाट त्यस्ता सामाजिक सास्कृतिक रितिरिवाज चालचलन अबलम्बन गर्न नसक्दा लोप हुने अवस्थामा रहेकाले सस्कृतिक संरक्षणमा जोड दिइने छ ।

- खष भाषाको पाठ्यक्रम बनाई पठनपाठन गराइनेछ।
- गोठिज्युला देखि गौरी ओखरपाटा चुचेमारा हुदै रारा सम्म जाने पर्यटकिय पदमार्गमा पर्ने कनकासुन्दरी ३ ओखरपाटा गाउँलाई होमस्टे बनाउन पहल गरिनेछ।
- खष सभ्यताका रुपमा रहेका मागल, झोडा, चुट्किला, भैलो, धामी नाच, बालो नाच, छैटी लगायतका संस्कृतीहरुको उचित संरक्षण गरिनेछ।
- पुराना तथा जिर्ण भएका पुरातात्विक खम्बा, पाटी पौवा, मन्दिर, थान तथा धार्मिक स्थलहरुको संरक्षण एवं पुन निर्माण गर्न बजेट व्यवस्था गरिनेछ।
- यस गाउँपालिकामा रहेका प्रसिद्ध मन्दिर कनकासुन्दरी मन्दिरको संरक्षण एवं पूर्वाधार निर्माणमा आवश्यक व्यवस्था गरिनेछ।
- गाउँपालिका भित्र रहेका सम्पुर्ण धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण सम्बर्द्धन र जिर्णोद्धार गरिनेछ।
- सिजा सभ्यता र संरक्षण तथा प्रर्वद्धनमा विषेश जोड दिई ऐताहाँसिक सिजा सभ्यताको प्रचार प्रसार गरिनेछ।
- कनकासुन्दरी गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुको पहिचान गरि आन्तरिक तथा बाह्रय पर्यटकहरुलाई आर्कषित गराउन अभियान सन्चालन गरिनेछ।

## १८. उद्योग सम्बन्धि नितिहरु

- गाउँपालिका क्षेत्रमा पाइने जडीबुटीलाई व्यावसायीक रुपमा खेती गर्नका लागी आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा न्यून संख्यामा रहेका उद्योग तथा रोजगारीका अन्य अवसरहरुलाई व्यापक खोजी गरी सम्भावना रहेका काष्ठ उद्योग, पशुपालन उद्योग, पर्यटन उद्योग, राडी पाखी उद्योग लगायतका अन्य घरेलु तथा साना उद्योगहरुको प्रोत्साहन तथा विकास गरिने निति अवलम्बन गरिनेछ।
- विभिन्न गाउँबस्तिमा रहेका लघु उद्यमीहरुको पहिचान गरी नयाँ लद्यु उद्यमीहरु निर्माण गर्न विभिन्न किसिमका व्यावसायिक तालिम दिइनेछ।
- व्यावसायिक रुपमा उद्योग गर्न चाहने उद्यमीहरुलाई निर्व्याजि कर्जा तथा सहुलियत कर्जा उपलब्ध गराउनलाई पहल गरिनेछ।

- गाउँपालिकामा सम्भावनाको रुपमा रहेको स्याउ प्रसोधन उद्योग, निगालाको सामाग्री उत्पादन उद्योग स्थापनामा पहल गरिनेछ ।
- सबै प्रकारका उत्पादित औद्योगिक बस्तुको भण्डारण र बजारीकरणका लागी औद्योगिक ग्राम स्थापनाको लागी पहल गरिनेछ ।

## *१९. सुचना तथा संचार प्रविधि सम्बन्धि नितिहरु*

- गाउँपालिकामा यस पूर्व संचालन गरिएका सम्पूर्ण सफ्टवयरहरु नविकरण गरिने छ र लेखा शाखा, रावश्व शाखा, दर्ता चलानी भण्डारण, योजना, पन्जिकरण, प्रशासन शाखामा सफ्टवयरबाट आफ्नो शाखाको कार्य गर्न तालिम आवश्यकता पहिचान गरि आ-आफ्नो शाखाको जिम्मेवारी अनुसार सफ्टवयर व्यवस्था गरि कामलाई थप व्यवस्थित गरिदै लगिनेछ ।
- सुचनाको हक सम्बन्धि कानुन निर्माण गरि नागारिकलाई सार्वजनिक सरोकारको सुचना माग्ने र पाउने हक शुनिश्चित गरि पारदर्शिता कायम गरिनेछ ।
- गाउँपालिकामा सम्बन्धित सूचना तथा तथ्यांकको व्यवस्थित अभिलेख तथा संग्रहको लागी राष्ट्रिय सूचना प्रविधि केन्द्रले तोकेको मापदण्डको अधिनमा रही सूचना प्रविधि शाखामा सूचना तथा अभिलेख केन्द्र स्थापना गरिनेछ ।
- कनकासुन्दरी गाउँपालिकामा सेवाग्राहीको सहजताका लागी डिजिटल नागरिक बडापत्रको व्यवस्थापन गरिनुका साथै गाउँपालिका तथा माताहतका शाखा कार्यालय र इकाईबाट प्रदान गरिने छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गर्नको लागी सबै शाखा कार्यालय वडा कार्यालयहरुमा फर्निचर विधुतिय उपकरणहरुको व्यवस्था गरिने छ ।
- गाउँपालिकाको सकारात्मक गतिविधि प्रसारण गर्नका लागी रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्न दिइनेछ ।
- आधुनिक सूचना तथा सञ्चार प्रविधिमा आम जनताको पहुँच स्थापित गरिनेछ ।
- सूचनाको हक सम्बन्धि ऐनलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
- सूचना तथ्याङ्क तथा अभिलेख व्यवस्थापनलाई उच्च प्राथमिकता दिइनुका साथै सूचना प्रविधि मैत्री बनाउनका लागी इमेल, इन्टरनेट, वेवपेज, मोबाइल एप्स, विधुतिय हाजिर आन्तरिक सूचना प्रवाहका लागी सूचना प्रविधि सम्बन्धि समाग्री  व्यवस्थित गरिनेछ ।

- गाउँपालिका भित्रका सरकारी कार्यालयहरुमा विद्युतिय शासन प्रणालीमा आवद्धता गर्ने तर्फ आवश्यक पहल गरिनेछ।
- गाउँपालिका सबै वडाहरुमा आगामी आर्थिक वर्षबाट सेवा प्रदायक सस्थाहरुसँग सहकार्य गरि फाइवर इन्टरनेट सेवा विस्तार गरिनेछ।
- सूचना र सञ्चार प्रविधि बिना समृद्ध समाजको परिकल्पना गर्न सकिदैन। भरपर्दो सञ्चार व्यवस्था हुन नसक्दा यहाँका जनता समय समयमा सञ्चार विहिन हुनु परेको अवस्था विदितै छ सो समस्या समाधानका लागी सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया गरि समस्या समाधानका लागी आवश्यक पहल गरिनेछ।
- विससको आधार सूचना तथा सन्चार भन्ने नितिलाई आत्मसाथ गर्दै अनलाईन सूचना तथा गुनासो दर्ताको व्यवस्था गरिनेछ।

## २०. सामाजिक समावेशीकरण सम्बन्धि निति

- महिला विरुद्धका सबैकिसिमका हिंसा र विभेदको प्रभावकारी ढंगले अन्त्य गरिनेछ।
- बाल बिवाह, बहु विवाह पूर्ण रुपमा निषेध गरिनेछ।
- महिलालाई स्थानिय स्तरमा उपलब्ध स्रोत साधनको प्रयोग गरी सिपमुलक तालिम प्रदान गरी महिला रोजगारीमा अभिबृद्धि गरिनेछ।
- कनकासुन्दरी गाउँपालिका भित्रका सम्पूर्ण कार्यालयहरुमा स्तनपान कक्ष निर्माण गर्न पहल गरिनेछ।
- गाउँसमाजबाट जातीय भेदभाब तथा छुवाछुतको पूर्ण रुपमा अन्त्य गरिनेछ।
- शिक्षित र दक्ष युवालाई गाउँपालिका भित्रै उच्च पारिश्रमिकमा आधारित रोजगारी सृजना गरिनेछ।
- फरक क्षमता एंव अपाङ्गता प्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन गरिनेछ। शिक्षा, सिप विकास र रोजगारीमा उनिहरुको बिशेष क्षमतालाई उजागर गर्न बिशेष कार्यक्रम संचालन गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ।
- गाउँपालिका भित्र निर्माण हुने सरकारी भवन, विधालय तथा पूर्वधारहरु अपाङ्गतामैत्री, महिलामैत्री, बालबालिकका मैत्री तथा ज्येष्ठ नागरिक मैत्री हुनेछन्।
- समान कामको लागि समान ज्याला दिईनेछ। समान कामको लागी महिला पुरुषमा बिभेद गरिनेछैन।
- बाल श्रम मुक्त गाउँपालिका घोषणाका लागी सबै किसिमको बालश्रमको अन्त्य गरिनेछ।
- गाउँपालिकाले सन्चलन गर्ने हरेक कृयाकलापहरुमा सबै क्षेत्रको अपनत्व शुनिश्चित गरिदै लगिनेछ।

## २१. सामाजिक सुरक्षा सम्बन्धि नितिहरु

- गाउँपालिका क्षेत्रभित्र रहेका महिला, दलित, जनजाती, अपाङ्गता भएका व्यक्ती, लैङ्गक तथा यौनिक अल्यसंख्यक, किसान, श्रमिक, उत्पिडितत, आर्थिक रुपले बिपन्न, लगायत लक्षित वर्गको तथ्यांक संकलन तथा अधावधिक गरी शसक्तिकरण कार्यक्रमहरु संचालन गरिनेछ।
- करार सेवामा, करार तथा ज्यालदारीमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धताको लागी पहल गरिनेछ।
- आमा, वुवा बिहिन तथा जोखिममा परेका बालबालिका, अपाङ्गता भएका व्यक्ती, असहाय ज्येष्ठ नागरिक तथा हिंसा पिडित महिलालाई आवश्यकता अनुसार सहयोग गरिनेछ।
- गाउँपालिका भित्रका आधारभुत र माध्यामिक विधालयहरुका किशोरी स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ।
- समाजमा रहेका कुरीती र कुसंस्कार (लैङ्गिक हिंसा, महिला हिंसा, घरेलु हिंसा, बाल श्रम, बाल विवाह, बहु विवाह, छुई प्रथा, दाईजो प्रथा, बोक्सी प्रथा, लागु औषध दुर्वेशन, मध्यपान, जुवातास, मानव बेचबिखन आदी।) विरुद्ध महिला समुह/समिती, बाल क्लब, किशोरी समुह, टोल विकास संस्था आदीको क्षमता विकास गरी परिचालन गरिनेछ।
- हिंसा पिडित महिला तथा बालबालिकाहरुको लागी अस्थाई सेवा केन्द्र स्थापना गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता रकम वितरणलाई व्यवस्थित गर्नका लागी थप बैंक तथा वित्तिय संस्थाको शाखा स्थापनाका लागी पहल गरिनेछ।
- पञ्जीकरणको कार्यलाई थप व्यवस्थित गरिनेछ।

## २२. सार्वजनिक सेवा प्रवाह सम्बन्धि नितिहरु

- गाउँपालिकाबाट सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीहरुलाई कुनैपनी प्रकारको विभेद नगरी उच्च प्राथमिकता दिइ सेवा प्रवाह गरिनेछ।
- यस पालिकामा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुले पालना गर्नु पर्ने आचरणलाई थप प्रभावकारी बनाउदै पूर्ण रुपमा पालना गरिनेछ।
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जनमुखी, उत्तरदायी, सरल र सहज चुस्त दुरुस्त बनाउन प्रशासनिक क्षेत्रमा भौतिक र आर्थिक व्यवस्थापन गरिनेछ।
- कार्यालयलाई सवल र सफल बनाउन आवश्यक ऐन, नियम बनाइने र बनेका ऐन नियम कार्यान्वयनमा ल्याइ पूर्ण रुपमा पालना गरिनेछ।

- भौगोलिक विकटतालाई ध्यानमा राखी घुम्ति सेवा शिविरलाई निरन्तरता दिइने छ।
- सहायता कक्षलाई अझै प्रभाकारी बनाउन थप व्यवस्थापन तथा निरन्तरतामा जोड दिइने छ।
- सिष्ट र नम्र व्यवहार गरि मुस्कान सहितको सेवा प्रबाह मार्फत जनसन्तुष्टी प्रदान गरिनेछ।
- गाउँपालिकाले प्रबाह गरेको सेवाको बारेमा सेवाग्राही सन्तुष्ठी सर्वेक्षण गरि क्रमश सुधार गरिदै लगिनेछ।

## २३. समन्वय तथा सहकार्य सम्बन्धि निति

- सबै समस्याहरुको समाधान एकै पटक सम्भव छैन र हुन सक्दैन। यसका लागी संघिय सरकार, प्रदेश सरकार अन्य स्थानीय तहहरु निजी क्षेत्र गैर सरकारी संघ संस्थाहरु, दातृ निकायहरु, नागरिक समाज, प्रबुद्ध वर्गहरु तथा विकास साझेदारहरु सँग सम्वाद, सहकार्य र जनसहभागीताको निति अबलम्बन गरिनेछ। विकासको सुरुवात **म बाटै** नामक विशेष कार्यक्रम सुरुवात गरिनेछ।
- गाउँपालिका संग सिमा जोडिएका छिमेकी पालिकाहरु बिच साझा विकासका योजनाहरु छनौट गरी सयुक्त साझेदारिमा निर्माण गर्ने निति लिइनेछ।
- संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको संयुक्त लगानीमा निर्माण गर्न सकिने योजना छनौट गरी निर्माण गर्ने निति लिइनेछ।
- संयुक्त लगानीमा निर्माण गरिने योजनाहरुलाई पहिलो प्राथमिकता दिइने निति लिइनेछ।

## २४. स्थानीय न्याय व्यवस्थापन सम्बन्धि नितिहरु

- गाउँ समाजमा अनावश्यक रुपमा हुने विवाद मुद्धा मामिलाहरुलाई प्रारम्भिक चरणमै स्थायी समाधान गर्न मेलमिलाप र मध्यस्थता साथै गाउँपालिकाको न्यायिक समितीको क्षमता अभबृद्धी गरिनेछ।
- पिछडीएको बर्ग र क्षेत्रका व्यक्तिहरुको न्यायमा सहज पहँच सुनिश्चित गर्न कानुनी शिक्षा र सचेतना कार्यक्रम संचालन गरिनेछ।
- कानुन बिज्ञहरुबाट न्यायिक समिती जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिमको व्यवस्था गरिनेछ।
- प्रत्येक वडाहरुमा गठित मेलमिलाप केन्द्रहरुको उचित व्यवस्थापन गरि न्यायीक सेवा प्रभावकारी गरिनेछ ।
- स्थानिय सरकारको पहुचबाट टाढाँ रहेका जनताहरुलाई न्यायको अनुभुति दिलाउन स्थानिय न्यायीक समितिलाई जनताको घरदैलो सम्म पुगी अन्तरक्रिया गरिनेछ।

## २५. सुशासन सम्बन्धि नितिहरु

- जनतालाइ पायक पर्ने स्थानमा एकिकृत सेवा केन्द्र स्थापना गरी गाँउपालिकाबाट जनताले प्राप्त गर्ने सम्पुर्ण सेवा प्रदान गरिनेछ ।
- जनताप्रति उत्तरदायी तथा लोक कल्याणकारी गाँउपालिका निर्माणको आधार बलियो बनाउँदै लगिनेछ।
- तिब्र सामाजिक आर्थिक विकासद्धारा जनतामा राजनीतिक परिवर्तनको लाभ पुऱ्याउन गाउपालिकालाई मुख्य जिम्मेवारी बनाइनेछ ।
- सामाजिक जीवनका सबै क्षेत्रमा लोकत्रान्त्रिक प्रणालीको प्रवर्द्धन गरिनेछ विधीको शासन सुदृढ तुल्याइनेछ ।
- संविधानप्रदत मौलिक हक र स्वतन्त्रताको पूर्ण उपयोगको प्रत्यभुती गरिनेछ ।
- सुचना प्रविधिको उच्चतम प्रयोग गरी ब्यवस्थालाई कुसल पारदर्शि र सेवाग्राही मैत्री तुल्याइनेछ ।
- भ्रष्टाचार रहित पालिका बनाउने तथा भ्रष्टाचारमा सुन्य सहनशिलता कायम गरिनेछ ।
- सबै किसिमका खर्च रकमहरु समय समय मा सार्वजनिक गरिनेछ ।
- गाँउपालिकाको काम कारबाही र सेवा प्रवाह लगायतका बिषयमा प्रत्येक वडाहरुमा सार्वजनिक सुनुवाई एंव सामाजिक लेखा परिक्षण गरिनेछ ।
- इ गभरनेन्सको अवधारणा अनुरुप सम्भव हुने सेवाहरु अनलाईन मार्फत प्रबाह गर्ने व्यवस्था गरिनेछ ।
- प्रकृयागत र कार्यविधिगत जटिलतालाई न्यूनिकरण गरि नतिजामुलक सेवा प्रवाह गरिनेछ ।

## २६. जनप्रतिनिधि तथा कर्मचारिको क्षमता विकास सम्बन्धि निति

- कर्मचारीको कार्य सम्पादनमा आमूल परिवर्तन गर्ने समिति गठन गरी सुशासन कायम गरिनेछ ।
- कर्मचारीको कार्यक्षमता वृद्धी गर्न आवश्यकतामा आधारित तालिम प्रदान गर्ने ,प्रविधी मैत्री बनाउने तथा असललाई पुरस्कार र खराब लाई दण्ड दिने नीति लिइनेछ।
- गाँउपालिकामा आवश्यकता अनुसार कर्मचारीहरु पदपूर्ति गर्दै लगिनेछ ।
- अन्य स्थानिय तहका राम्रा अभ्यासहरुलाई यस गाँउपालिकामा भित्र्याउन जनप्रतिनिधी तथा कर्मचारीहरुलाई अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।
- जनप्रतिनिधी तथा कर्मचारीको क्षमता अभिबृद्धि गर्न बिभिन्न किसिमका तालिम तथा गोष्ठीको आयोजना गरिनेछ ।
- जनप्रतिनिधी तथा कर्मचारीको क्षमता अभिबृद्धि गर्न क्षमता बिकास कार्य योजना बनाइ लागु गरिनेछ ।

- जनप्रतिनिधि र कर्मचारीको मुल्य मान्यता र आचरण विकासमैत्रि र सेवाग्रहीमैत्री बनाइनेछ।
- यस गाउँपालिकाको पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुलाई काममा थप हौसला प्रदान गर्न कार्यविधि निर्माण गरि प्राविधिक फिल्ड भत्ता उपलब्ध गराइनेछ।

## २७. खाद्य सुरक्षा तथा पोषण सम्बन्धि नितिहरु

- खाद्यन्नको उत्पादन, भण्डारण र वितरण प्रणालिलाई न्यायोचित गर्न उपयुक्त मल, विऊ र प्रविधि सहित दिगो कृषि उत्पादनको सुनिश्चितता, आपतकालिन समयमा समेत उपलब्धताका निम्ति वैज्ञानिक ढंगले भण्डारण र समन्यायिक वितरण प्रणालिको विकासलाई निरन्तरता दिइने छ।
- आवश्यकता अनुसारको पोषणयुक्त खाद्यन्नमा भौतिक र आर्थिकरुपमा पहुँच पुर्याउनका साथै क्रयशक्ति र बजार मूल्य बीच सन्तुलन कायम गरिने छ ।
- असल खाद्य संस्कृतिको विकास गरिनुका साथै पोषणयुक्त, विषादिरहित र स्वच्छ खाद्यन्नको छनौटको अवसर र उपभोगमा लैंगिक, जातिगत र वर्गिय विभेदको खाद्य सुरक्षा कायम गरिने छ ।
- अनुपस्थित भू–स्वामित्वलाई निरूत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिने छ|
- भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गरिने छ|
- कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पंहुचको व्यवस्था गरिने छ ।
- कनकासुन्दरी गाउँपालिकाले महिला किशोरी तथा बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन नेपाल सरकारको प्राथमिकता प्राप्त बहुक्षेत्रिय पोषण योजनालाई प्राथमिकतका साथ यस पालिकामा कार्यान्वयन गरी रहेकोमा आगामी  आ. ब. बाट बिषयगत तथा क्षेत्रगत क्रियाकलापहरु तयार गरी पोषण तथा खाद्य सुधारको लागी तोकिएको क्रियाकलापहरु सन्चालन गरिनेछ।
- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण मैत्री स्थानीय शासन (Nutrition Friendly Local Governance NFLG) अबलम्बन गर्न र आगामी ४ बर्ष भित्र यस पालिकालाई पोषण मैत्री स्थानीय तह घोषणाका लागी बिशेष अभियान संचालन गरी वडा घोषणा अभियानलाई विशेष प्राथमिकतमा राखी कार्य गरिनेछ।
- बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धि तथा प्रतफल प्राप्तिको लागी संघिय र प्रदेश सरकारका साथै बिषयगत शाखा र साझेदारी निकायहरुसंग मिलेर पोषण लक्षीत र सम्बेदनशिल क्रियाकलापहरु संचालन गरिनेछ र महिला बालबालका लक्षित कार्यक्रम जस्तैः खाता छोरीको लगानी जीवनभरीको ,बालपोषण अनुदान, सुत्केरी पोषण कार्यक्रम, मर्यादित महिनावारी, **सानै छु बढ्न देउ बाल विवाह**

**हैन पढ्न देउ अभियान,** खोप कार्यक्रम, बाल मैत्री स्थानिय शासन आदिमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समावेश गर्दै लगिनेछ ।

- पोषण तथा खाद्य सुरक्षा सम्बन्धि सुचना तथ्याङ्कहरुको व्यवस्थापनको कमी भएको कुरालाई महसुश गर्दै स्थानिय तहको पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहकार्यमा पालिका स्तरीय पोषण पार्श्व चित्र तथा स्थिति पत्र (Nutrition Profile and Nutrition Status Paper) यसै बर्ष भित्र तयार गरिने छ ।
- बहुक्षेत्रीय पोषणले तोके अनुसार पालिका र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको संस्थागत र क्षमता विकासमा जोड दिइने छ ।
- रैथाने बालिको उत्पादन, संरक्षण र बजारीकरणको लागी आवश्यक व्यवस्था गरिनेछ ।

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा मार्गनिर्देशन गर्नुहुने कनकासुन्दरी गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरु र मातहतका कर्मचारीहरु, विभिन्न समयमा अग्रज व्यक्तिहरुले दिनु भएका सुझावहरुलाई पनि नीति तथा कार्यक्रम निर्माणका चरणमा स्मरण गरेको छु । निति तथा कार्यक्रम छलफलका क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु, बुद्बिजिवी, विषयगत कार्यालयका कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु प्रधानाध्याक ज्यूहरु, टोल विकास सस्थाका प्रतिनिधिहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, पत्रकार मित्रहरु, सुरक्षा निकायका कर्मचारीहरु र यस गाउँपालिकामा रहनु भएका सबै दिदी बहिनी, दाजु भाईहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । यस गाउँपालिकाको विकासमा सहयोग पुराउने आम नागरीक, करदाता, सबै विकास साझेदार संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै वजेटको सफल कार्यन्वयनमा सबैको खुल्ला सहयोगको अपेक्षा गरेको छु । विभिन्न समस्या र चुनौतिहरुका बाबजुद बस्तुगत यथार्थ धरातलमा उभिएर ति समस्या र चुनौतीहरुको सामना गर्न हामी सबै प्रतिवद्ध र एकताबद्ध बनौ, साथै कनकासुन्दरी गाउँपालिकाको उज्वल भविष्य निर्माणको लागि आशावादी बनौ ।

# धन्यवाद

अध्यक्ष
दामोदर प्रसाद आचार्य
कनकासुन्दरी गाउँपालिका
विराट सिंजा जुम्ला